# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १५ | काठमाडौं | मंगलबार, २५ वैशाख २०८१ | Prabhab National Daily | Tuesday, May 07, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


बागमतीमा प्रदेश भाषा ऐन कार्यान्वयनमा

# तामाङ र नेपाल भाषा सरकारी कामकाजको भाषा




■ जेबी योञ्जन

**काठमाडौं–** तामाङ र नेपाल भाषालाई बागमती प्रदेश सरकारले सरकारी कामकाजी भाषाको रूपमा कार्यान्वयनमा ल्याएको छ । दुवै भाषा बागमती प्रदेशमा बहुसंख्यक वक्ताले बोल्छन् ।

'प्रदेश सरकारी कामकाजी भाषा ऐन, २०८०' बागमती प्रदेश राजपत्रमा गत २३ कात्तिकमा प्रकाशित गरेको सरकारले अन्ततः सोमबारदेखि प्रदेशमा सरकारी कामकाजी भाषा कार्यान्वयनमा ल्याएको हो । सोमबार वसन्तपुरमा आयोजित प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० शुभारम्भ तथा भाषा दिवस कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले नेपालीसँगै तामाङ र नेपाल भाषामा लेखिएका प्रदेश मुख्यमन्त्री कार्यालय, प्रदेश प्रमुखको कार्यालय, बागमती प्रदेशसभा तथा प्रदेशका मन्त्रालयहरूको बोर्ड 'भर्चुअल' माध्यमबाट अनावरण गर्दै कामकाजी भाषाको कार्यान्वयन सुरु भएको घोषणा गरे । यससँगै अब प्रदेशअन्तर्गतका सरकारी कार्यालयहरूमा तामाङ र नेपाल भाषाबाट पनि सेवा प्रवाह हुने छ ।

सेवाग्राहीले मातृभाषामै सेवा लिन चाहे उपलब्ध गराउनुपर्ने दायित्व सरकारको हुने भएको छ । बागमती प्रदेश संसद्मासमेत तामाङ र नेवार सांसदले मातृभाषामै सम्बोधन गर्न पाउने भएका छन् ।

(क्रमशः पृष्ठ २ मा)



देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, क्षेत्रीय उत्पीडनको अन्त्य गर्दै समाजवादउन्मुख समुन्नत राष्ट्र निर्माणको आकांक्षा र प्रतिबद्धतामा आजको दिनले महत्त्वपूर्ण प्रेरणा र ऊर्जा दिएको छ ।

■ **पुष्पकमल दाहाल**
**प्रधानमन्त्री**



सरकारी कामकाजी भाषा कार्यान्वयन गर्दैगर्दा थुप्रै जटिलताहरू छन् । हामीले धेरै प्राविधिक पहलकदमी गर्नुपर्ने छ । म यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु कि यो पूर्णरूपमा कार्यान्वयन हुने छ ।

■ **शालिकराम जम्कट्टेल**
**मुख्यमन्त्री, बागमती प्रदेश**

अशोक राईको उतारचढाव

# पार्टी फुटाएर फेरि अध्यक्ष



**सोमबार निर्वाचन आयोगमा नयाँ दल 'जनता समाजवादी' दर्ताको प्रमाणपत्र लिँदै उक्त पार्टीका अध्यक्ष अशोक राई ।** *तस्बिरः सामाजिक सञ्जालबाट*



■ प्रभाव संवाददाता

**काठमाडौं–** २०६९ असोज १८ गतेसम्म नेकपा एमालेका उपाध्यक्ष थिए, अशोक राई । पार्टीमा सुवास नेम्बाङ समूहको पेलान सहन नसकेर एमाले छाड्दा अशोकलाई अजम्बर काङबाङ, विजय सुब्बा, रकम चेम्जोङ, राजेन्द्र श्रेष्ठलगायतले साथ दिएका थिए ।

२०६९ मंसिर ७ गते संघीय समाजवादी पार्टी स्थापना गर्दा वीरबहादुर लामा, महेश चौधरी, रिजवान अन्सारी, प्रेमकृष्ण पाठक, पासाङ शेर्पालगायत थिए । ती नेताहरूको साथ पाएर राई अध्यक्ष भए । त्यतिबेला राईको साथमा लागेका नेताहरू अहिले कोही माउ पार्टीमा फर्केका छन् भने कोही तितरवितर भइसकेका छन् ।

अशोकले २०७४ को निर्वाचनअघि आफ्नो दल उपेन्द्र यादवको मधेसी जनाधिकार फोरमसँग मिसाए । पार्टीको नाम संघीय समाजवादी फोरम रह्यो । राई वरिष्ठ नेता बने । जातीय पहिचानको मुद्दा बोकेर एमाले छाडेका संघीय समाजवादी पार्टी गठन गरेका राई २०७० सालमा संविधानसभामा समानुपातिक तर्फबाट निर्वाचित भए ।

(क्रमशः पृष्ठ २ मा)

- जातीय पहिचानको मुद्दा उठाएर २०६९ असोज १८ गते नेकपा एमाले छाडेर नयाँ पार्टीको अध्यक्ष बनेका राई फेरि पार्टी फोडेर अध्यक्ष बनेका छन्
- जसपा नेपाल फुटाएर नयाँ दल जनता समाजवादी दर्ता, आयोगले दियो स्वीकृति
- एमाले छाडेपछि गत निर्वाचनमा एमालेकै निगाहमा सांसद र मन्त्री बनेका उनी माउ पार्टीमा फर्कने चर्चा

## एमालेमा भित्रन तयार !

सात सांसदसहित पार्टी फोडेका अशोक राई नेकपा एमालेमा भित्रने तयारीमा रहेको उनीनिकट नेताहरू बताउँछन् । एमालेका उपाध्यक्ष सुवास नेम्बाङको निधनपछि पूर्वमा अनुभवी जनजाति नेताको अभाव खट्किएकाले पार्टी अध्यक्ष केपी शर्मा ओलीले उनलाई सहजै पार्टीमा भित्र्याउने ती नेताको भनाइ रह्यो ।

'पूर्वमा अहिले एमालेसँग जातीय मत सन्तुलनमा राख्ने अनुभवी नेता छैन । त्यसले अशोक राईलाई पार्टीमा भित्र्याउने तयारी छ,' ती नेताले भने । अशोकलाई एमाले भित्र्याएसँगै एकीकृत समाजवादी पार्टी फुटाएर एमाले पहिलो दल बन्ने दाउमासमेत ओली लागेको बताइएको छ । अहिले एमाले ७८ सांसदसहित प्रतिनिधिसभामा दोस्रो दल रहेको छ । अशोकको दलको सात सांसद जोड्दा ८५ पुग्ने र एकीकृत समाजवादीका कम्तीमा छ सांसद आए ९१ सांसद पुग्ने छ । प्रतिनिधिसभामा अहिले ८८ सिटसहित कांग्रेस पहिलो दल रहेको छ ।

सन्दर्भः वैदेशिक रोजगार

श्रम मन्त्रालयले भन्यो–

# युरोप–अमेरिका पठाउने बहानामा ठगी बढ्यो, सचेत रहनू

■ प्रभाव संवाददाता




- युरोप, अमेरिका, जापान, कोरिया, इजरायललगायतका मुलुकमा रोजगारीका लागि पठाउने भन्दै ठगी गर्ने क्रम बढ्दो
- ठगीबाट बच्न वैदेशिक रोजगारीमा जाने प्रक्रिया सुरू गर्नु अगाडि इजाजतपत्र प्राप्त संस्थामार्फत प्रक्रिया अगाडि बढाउन मन्त्रालयको आग्रह

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीको नाममा ठगी बढ्दै गइरहेको भन्दै सचेत रहन आग्रह गरेको छ । मन्त्रालयले पछिल्लो समय युरोप, अमेरिका, जापान, कोरिया, इजरायललगायतका मुलुकमा रोजगारीका लागि पठाउने भन्दै भइरहेको ठगीप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेको छ ।

मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, पारदर्शी र व्यवस्थित गराउन आवश्यक नीतिगत, कानुनी एवं संस्थागत प्रबन्ध गरी यस क्षेत्रमा हुने ठगी नियन्त्रण गर्न सरकारले अधिकतम प्रयास गरिरहेको बताएको छ । यसका लागि आम सरोकारवालाहरूको पनि उत्तिकै सक्रियता अवश्यक रहेको मन्त्रालयले उल्लेख गरेको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम कुनै पनि व्यक्ति वा संस्थाले इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झूठो आश्वासन दिई वा प्रलोभन देखाएर कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको ५० प्रतिशतले हुने रकम हर्जनाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था रहेको मन्त्रालयले उल्लेख गरेको छ ।

मन्त्रालयले उल्लिखित कानुनी व्यवस्थाविपरीत वैदेशिक रोजगारीमा जान इच्छुक नेपाली नागरिकलाई आकर्षक रोजगारीको प्रलोभन देखाउने र विभिन्न देशमा रोजगारीको अवसर छ भनेर सामाजिक सञ्जालहरूमा भ्रामक सूचना प्रेषित गर्ने र आम नागरिकमा भ्रम सिर्जना गरी आर्थिक रूपमा ठगी गर्ने गरेको पाइएको बताएको छ । यस्ता गैरकानुनी कार्य नियन्त्रण गर्न मन्त्रालय, मन्त्रालयअन्तर्गतका निकाय तथा सरकारका अन्य नियमनकारी निकायहरू प्रतिबद्ध रहेको मन्त्रालयको भनाइ छ ।

मन्त्रालयले विदेशमा रोजगारीका लागि जाने तीन किसिमका विधिसमेत उल्लेख गरेको छ । जसमा सरकार–सरकारबीच सम्झौता भई कार्यान्वयनमा रहेको जिटुजी प्रणाली, इजाजतप्राप्त संस्थाबाट आधिकारिक र कानुनी प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने/पठाउने प्रणाली र व्यक्तिगत प्रयासमा सम्बन्धित देशको रोजगारदातासँग श्रम सम्झौता तथा भिसा प्राप्त गरी श्रम स्वीकृति लिएर जाने प्रणाली रहेको विज्ञप्तिमा जनाइएको छ ।

वैदेशिक रोजगारीका क्रममा हुनसक्ने ठगीबाट बच्न वैदेशिक रोजगारीमा जाने प्रक्रिया सुरु गर्नु अगाडि इजाजतपत्र प्राप्त संस्थामार्फत प्रक्रिया अगाडि बढाउन मन्त्रालयले आग्रह गरेको छ । 'कुनै पनि संस्था इजाजतपत्र प्राप्त हो वा होइन र वैदेशिक रोजगारका लागि पूर्वस्वीकृति लिएको छ वा छैन भनी वैदेशिक रोजगार विभागको वेबसाइटमार्फत यकीन गर्न, कोही कसैको प्रलोभनमा परी विनाप्रमाण तोकिएको शुल्कभन्दा बढी रकम नदिन, वैदेशिक रोजगारी प्रयोजनका लागि तोकिएको सेवा शुल्क संस्थाको बैंक खातामार्फत मात्र बुझाउनसमेत सूचित गरिन्छ,' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

वैदेशिक रोजगारसम्बन्धी आवश्यक सूचना, जानकारी, गुनासो एवं उजुरीका लागि 'श्रमाधान कल सेन्टर'मार्फत वा प्रत्यक्ष रूपमा मन्त्रालय वा मन्त्रालयअन्तर्गतका निकायमा सम्पर्क गर्न पनि मन्त्रालयले आग्रह गरेको छ ।



## पृष्ठ १ बाट क्रमशः

### पार्टी फुटाएर...

उपेन्द्रसँग ०७४ मा नेपाली कांग्रेससँगको गठबन्धनबाट उम्मेदवार भएका उनी आफ्नै राजनीतिक चेला जयकुमार राईसँग पराजित भएका थिए । उनै अशोक गत निर्वाचनमा एमालेको मत पाएर सुनसरी क्षेत्र नम्बर १ बाट निर्वाचित भएका थिए ।

त्यसपछि राईको सत्तामासमेत 'कमब्याक' भयो । उनै राई आठ वर्षपछि फेरि पार्टी फुटाएर अध्यक्ष बनेका छन् । आइतबार निर्वाचन आयोगमा दर्ता निवेदन परे पनि सोमबारमात्र दल दर्ता स्वीकृत भएको हो । आयोगको सोमबार बसेको बैठकले उक्त दल दर्तासम्बन्धी निर्णय गरेको सहायक प्रवक्ता रामदत्त पाण्डेयले जानकारी दिए ।

आइतबार जनता समाजवादी पार्टी (जसपा) नेपालका सात जना संघीय सांसदले नयाँ दल दर्ताको निवेदन आयोगमा दर्ता गरेका थिए । 'नेपालको संविधान २०७२, राजनीतिक दलसम्बन्धी ऐन २०७३, राजनीतिक दलसम्बन्धी नियमावली २०७४, तथा प्रचलित संघीय कानुनबमोजिमा प्रावधान पालना गर्ने सर्तमा राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३३ र राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को नियम ५ बमोजिम जनता समाजवादी पार्टी नामक राजनीतिक दल दर्ता गरी आयोगको दल दर्ता किताबमा अभिलेखीकरण गर्ने निर्णय भएको छ,' पाण्डेयले भने । नयाँ दर्ता भएको दलको नाम संक्षिप्तमा जनता समाजवादी र अंग्रेजीमा 'पिपुल्स सोसलिस्ट पार्टी' (पिपुल्स सोसलिस्ट) रहेको छ ।

आयोगको सोमबारको बैठकले जनता समाजवादी पार्टीले पेस गरेको विधान अभिलेख गर्ने र उक्त पार्टीलाई दल दर्ताको प्रमाणपत्र दिनेसमेत निर्णय गरेको हो । त्यसैगरी, संघीय संसद् सचिवालय, सबै प्रदेशसभा सचिवालय र सबै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई दल दर्ताको जानकारी दिने निर्णय आयोगले गरेको पाण्डेयले जानकारी दिए । पार्टी फुटेपछि अमेरिकाबाट नेपाल फर्कंदै गरेका जसपा नेपालका अध्यक्ष एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले कतारबाटै मंगलबारका लागि संसदीय दलको बैठक डाकेका छन् ।

अशोक राईको नेतृत्वमा जसपा नेपालका सातजना सांसदले नयाँ दल दर्ताका लागि आइतबार निर्वाचन आयोगमा निवेदन दिएको थियो । राईसँगै संघीय सांसदहरू वीरेन्द्र महतो, प्रदीप यादव, सुशीला श्रेष्ठ, हसिना खातुन, रञ्जु ठाकुर र नवलकिशोर साह सुडी नयाँ दर्ता भएको दलमा छन् ।

■■■

### तामाङ र नेपाल ...

प्रधानमन्त्री दाहालले यस क्षणलाई ऐतिहासिक भनेका छन् । 'आजको दिन नेवाः तामाङलगायत उत्पीडित सबै जाति र देशकै निम्ति ऐतिहासिक र महत्त्वपूर्ण दिन हो,' उनले भने, 'म तपाईंहरूसँगै सम्पूर्ण नेपाली जनसुमदायसँग खुसी साट्न चाहन्छु ।' संविधान कार्यान्वयनको चरणमा यो महत्त्वपूर्ण पाइला भएको उनको भनाइ छ । प्रधानमन्त्री दाहालले उत्पीडित वर्ग, जाति र समुदायले आफ्नो असली प्रतिनिधिको पहिचान गरेर अधिकारको रक्षा गर्न अपिल गरे । नेपाली जनताको त्याग र बलिदानको बलमा संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी समानुपातिक विशेषतासहितको संवैधानिक व्यवस्था स्थापना भएको उल्लेख गर्दै उनले संविधानलाई पूर्ण तुल्याउन पनि सबैको ऐक्यबद्धता जनाउनुपर्नेमा जोड दिए ।

आफू पहिलोपटक प्रधानमन्त्री हुँदा नेपाल संवत्लाई राष्ट्रिय संवत्को मान्यता दिने निर्णय गरेको जानकारी गराउँदै प्रधानमन्त्री दाहालले तेस्रो कार्यकालमा नेपाल संवत्लाई सरकारी लिखतमा अनिवार्य गर्ने निर्णय गरी उक्त निर्णयको कार्यान्वयनसमेत भइरहेको स्पष्ट पारे । पहिचान र अधिकार स्थापितसहित आन्तरिक राष्ट्रियता सुदृढ गर्नुपर्नेमा उनले जोड दिए । 'देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, क्षेत्रीय उत्पीडनको अन्त्य गर्दै समाजवादउन्मुख समुन्नत राष्ट्र निर्माणको आकांक्षा र प्रतिबद्धतामा आजको दिनले महत्त्वपूर्ण प्रेरणा र ऊर्जा दिएको छ,' प्रधानमन्त्री दाहालले भने, 'तसर्थ, आजको दिन नेवा, तामाङलगायतका उत्पीडित जातिको देशकै निम्ति महत्त्वपूर्ण दिन हो ।'

संविधानको धारा ७ को (२) मा नेपाली भाषाको अतिरिक्त प्रदेशले प्रदेशभित्र बहुसख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्र भाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजी भाषा निर्धारण गर्न सकिने व्यवस्था छ । यही संवैधानिक आधारमा टेकेर भाषा आयोगले बागमती प्रदेश सरकारलाई तामाङ र नेपाल भाषालाई सरकारी कामकाजी भाषा बनाउन सिफारिस गरेको थियो । सोहीअनुसार प्रदेश संसद्ले प्रदेश सरकारी कामकाजी भाषा ऐन २०८० बनायो । २३ कात्तिकमा त ऐन प्रदेश राजपत्रमै प्रकाशन भयो । यसको १८०औं दिन अर्थात् छ महिनाभित्र कार्यान्वयनमा ल्याउनुपर्ने कानुनी प्रावधानअनुसार दुवै भाषालाई सरकारले कामकाजी भाषाको रूपमा कार्यान्वयनमा लगेको हो ।

प्रदेशअन्तर्गतको सरकारी कार्यालयहरूमा नेपाली भाषाको अतिरिक्त तामाङ र नेपाल भाषा पनि कार्यान्वयनमा आउने भएपछि दुवै भाषिक समुदाय खुसी छन् । विगतमा एक भाषा, एक भेषको विभेदित भाषा नीतिले नेपालमा बोलिने नेपालीबाहेकका राष्ट्र भाषाहरू सार्वजनिक निकायमा प्रयोग गर्न बर्जित थियो । जुन सोमबारदेखि औपचारिक रूपमा हटेको भन्दै भाषिक अभियन्ताहरूले खुसी व्यक्त गरे ।

प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सरकारी कामकाजको भाषाको रूपमा दुवै भाषाको कार्यान्वयन पूर्णरूपमा हुने आश्वासन दिए । 'सरकारी कामकाजी भाषा कार्यान्वयन गर्दैगर्दा थुप्रै जटिलताहरू छन् । हामीले धेरै प्राविधिक पहलकदमी गर्नुपर्ने छ,' उनले भने, 'तर, म यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु कि यो पूर्णरूपमा कार्यान्वयन हुने छ ।'

तर, प्रदेश सरकारका कार्यालयहरूमा तामाङ र नेपालभाषी कर्मचारी नियुक्त छैनन् । प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयसँग कामकाजी भाषा कार्यान्वयनका लागि आवश्यक बजेट पनि छैन । सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा समावेश हुन्छ कि हुँदैन ? टुंगो छैन । अर्कोतर्फ सरकारी कार्यालयहरूमा दोभाषे छैनन् । यति हुँदाहुँदै पनि मुख्यमन्त्री जम्कट्टेलले सरकारी कामकाजी भाषाको रूपमा तामाङ र नेपाल भाषालाई पूर्णरूपमा कार्यान्वयन गरिने बताएका हुन् ।

संघीयता कार्यान्वयन भएको एक दशक हुन लाग्दा बल्लतल्ल नेपाली भाषाबाहेक बहुसंख्यक समुदायले बोल्ने भाषाहरू सरकारी कामकाजी भाषा हुँदै गर्दा सम्बन्धित भाषिक समुदायमा उल्लास देखिएको छ । आफ्नै भाषाबाट सरकारी कार्यालयहरूमा पनि सेवा पाउने अवसर मिल्नु गौरवयोग्य भएको तामाङ र नेपालभाषी वक्ताहरू बताउँछन् । उनीहरूले यसलाई स्वर्णिम दिनको रूपमा सम्झना गरेका छन् ।

'आजको दिन ऐतिहासिक र महत्त्वपूर्ण दिन हो । सयौं वर्षदेखि हाम्रो तामाङ र नेपाल भाषाबाट बोल्न पाउने अधिकार शाहकाल र राणाकालमा खोसिएको थियो,' भक्तपुर घर भएका नेपालभाषी वक्ता कृष्णलाल प्रजापतिले भने, 'आजदेखि त सेवा नै हाम्रै भाषामा लिन पाउने भयौं एकदम खुसी छौं ।'

नेपालको जनगणना २०७८ अनुसार तामाङ मातृभाषा बोल्ने वक्ता १४ लाख २३ हजार ७५ जना छन् । बढी मातृभाषा बोल्ने भाषाको सूचीमा तामाङ भाषा पाँचौं स्थानमा पर्छ । यस्तै नेपालभाषी वक्ताको संख्या आठ लाख ६३ हजार ३८० जना छन् । बढी मातृभाषा बोल्ने भाषामा नेपाल भाषा आठौं स्थानमा पर्छ ।

भाषाविद् एवं भाषा आयोगका पूर्वसदस्य अमृत योञ्जन तामाङ बहुसंख्यक जातिले बोल्ने तामाङ र नेपाल भाषालाई सरकारी कामकाजी भाषा बनाउनु सराहनीय कदम भएको बताउँछन् । उनका अनुसार यी दुवै भाषालाई कामकाजी भाषाको रूपमा सफल पार्ने दायित्व बागमती सरकारको काँधमा आएको छ । मातृभाषीहरूले भने बोलेर भाषालाई प्रयोगमा ल्याउने र भाषिक साहित्यलाई समृद्ध बनाउनुपर्नेमा उनको जोड छ । 'मातृभाषी अभियन्तादेखि भाषाविद्हरूले मानक भाषा विकास गरेर अघि बढ्नुपर्छ । त्यसो गर्दा सरकारी कामकाजी भाषा कार्यान्वयनमा सरकारलाई सहजता हुन्छ,' भाषाविद् योञ्जनले भने ।

बागमती प्रदेशका संस्कृति पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यले नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मुलुक रहेको र सांस्कृतिक बहुलतालाई संविधानले अंगीकार गरेकाले भाषिक-सांस्कृतिक विविधतालाई व्यवस्थापन गर्न व्यवस्था परिवर्तन भएकाले सो ऐन कार्यान्वयन जरुरी रहेको बताए । भाषा ऐन कार्यान्वयन घोषणापश्चात् बागमती प्रदेश सरकार मातहत र प्रदेशका ११९ स्थानीय तहको नाम चार भाषामा लेखिने उनले बताए । उनका अनुसार कार्यालयको बोर्ड र 'लेटर हेड'मा नेपाली, अंग्रेजी, तामाङ र नेपाल भाषामा नाम रहने छ ।

नेवा देव दबूका अध्यक्ष पवित्र बज्राचार्यले बागमती प्रदेश सरकारले नेवारी र तामाङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनमा ल्याएकामा धन्यवाद दिए । उनले प्रधानमन्त्री दाहाल, बागमती प्रदेश सरकार, प्रदेशसभाका सबै सदस्य र मुख्यमन्त्रीलगायतको पहलका कारण नेवारी र तामाङ कामकाजको भाषका रूपमा कार्यान्वयन भएको बताउनुभयो । उनले ऐन कार्यान्वयनका लागि नियमावली, आयोग, अनुगमन समितिलगायत निकाय गठन गर्न बाँकी रहेको उल्लेख गरे । नेपाल तामाङ घेदुङका अध्यक्ष मोहन गोलेले विगत लामो समयदेखिको माग सम्बोधन भएकामा प्रसन्नता व्यक्त गरे । अब कार्यान्वयनका लागि संघर्ष अघि बढाउनुपर्ने उनले बताए ।

# ३४६ वर्ष पुरानो थन्थु दरबारको पुनर्निर्माण थालियो

**भक्तपुर–** भक्तपुर दरबार क्षेत्रस्थित ३४६ वर्ष पुरानो भक्तपुरको ऐतिहासिक थन्थु दरबार पुनर्निर्माणका लागि शिलान्यास गरिएको छ । भक्तपुर नगरपालिकाद्वारा सोमबार यहाँ आयोजित कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले भक्तपुर दरबार क्षेत्रस्थित ९९ चोक उत्खननलाई निरन्तरता दिनुपर्ने बताए । भक्तपुरका १०० वर्ष पुराना घरहरू बस्नका लागि सुरक्षित छ वा छैन भन्ने विषयमा प्राविधिक परीक्षण गर्नुपर्नेमा उनले जोड दिए । सुवालले सम्पदा पुनर्निर्माणमा मौलिकता संरक्षण गर्नुपर्ने बताए ।

कार्यक्रममा थन्थु दरबार पुनर्निर्माण निर्देशक समितिका संयोजक एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ५५ झ्यालसँगै जोडिएको थन्थु दरबार २०७२ सालअघिसम्म भक्तपुर नगरपालिकाको कार्यालयको भवनका रूपमा रहेको बताए । वि.सं. २०७४ पछि नगरपालिकाले यहाँको १२४ वटाभन्दा बढी सम्पदाहरू पुनर्निर्माण गरेकामा थन्थु दरबार पुनर्निर्माणको काम छलफलमै सीमित भएको र हाल थन्थु दरबार पुनर्निर्माण कार्यलाई प्राथमिकतामा राखी नगरपालिकाले काम अगाडि बढाएको उनले जानकारी दिए । थन्थु दरबार भत्काउन ११ लाख ५१ हजार रूपैयाँ लागेको जनाउँदै नगरप्रमुख प्रजापतिले १२ करोड ८५ लाख ३४ हजार रूपैयाँ बजेट लगत 'इस्टिमेट' गरिए पनि पहिलो चरणको कार्ययोजनामा चार करोड ७२ लाख रूपैयाँ बजेट स्वीकृत गरी पुनर्निर्माण अगाडि बढाएको बताए । दरबार पुनर्निर्माणका लागि एक करोड ५८ लाख रूपैयाँको काठ 'टेण्डर' प्रक्रियाबाट खरिद गरिसकेको जनाइएको छ ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य सृजना सैंजु, भक्तपुर नगरपालिकाकी उपप्रमुख रजनी जोशी, भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ, दरबार हेरचाह अड्डाका कार्यालय भक्तपुरका प्रमुख अरुणा नकर्मीलगायतले भूकम्पले भक्तपुरका धेरै सम्पदा तथा निजी घरहरूमा क्षति पुऱ्याएको स्मरण गर्दै भूकम्पले विनाससँगसँगै भक्तपुरको विकास पनि भएको बताए । इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले तत्कालीन राजा जितामित्र मल्लले बनाउन लगाएको आजभन्दा ३४६ वर्ष पुरानो थन्थु दरबारलाई भक्तपुर नगरपालिकाले पुरानै मौलिक स्वरूपमा पुनर्निर्माण अगाडि बढाउनु प्रशंसनीय भएको बताए । *रासस*

## प्रमाणपत्र हरायो

मितिः २०८०/१२/२७ गते जि. भक्तपुर, कटुञ्जे कृष्ण मन्दिरबाट मोसा. मा सल्लाघारी, तिनकुने तर्फ जाने क्रममा मेरो पोखरा विश्वविद्यालयको स्नातक तह **(BBA)** को ट्रान्स्क्रिप्ट, प्रोभिजनल, माइग्रेसन र चारित्रिक प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : श्री कृष्ण थापा**
**रजिस्ट्रेसन.नं.:** २०१६-२-०३-२७६२
**रोल.नं.:** १७०३१४४०
**ठेगाना.:** भक्तपुर, बालकोट
**सम्पर्क:** ९८६०१३७६२८

## माईग्रेसन हराएको सूचना

मितिः २०८०/११/०५ गते सामाखुशीबाट बागबजारसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको पोखरा विश्वविद्यालयको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : स्मारिका शर्मा**
**रजिस्ट्रेसन.नं.:** २०१४-२-४५-०२५९
**सम्पर्क:** ९८४९२७५०११

## मोटर साइकल हराएको सूचना

राजन अधिकारीको नाममा दर्ता भएको वागमती प्रदेश ०२-०३४प ८६९३ इन्जीन नं.DKXCMH29849 च्यासिस नं.MD2A13EXXMCH95603 रहेको कालो र निलो रङको २२० सि.सि.को पल्सर मोटरसाईकल चन्द्रागिरी नगरपालिका-१३, पुरानो नैकाप फुटबल ग्राउण्ड नजिकबाट मिति:२०८१/०१/१८ गते अन्दाजी रातिको ८:१० बजे चोरी भएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मोवाईल नं. ९८४१४३०८१३ मा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

## प्रोभिडेन्ट मर्चेन्ट बैंकिङ्ग लिमिटेड

नयाँ वानेश्वर, काठमाडौं फोन नं ०१-५१४७०९७

### दशौं बार्षिक साधारण सभाको सूचना

प्रथम पटक प्रकाशित मितिः मितिः २०८१/०१/२५

**आदरणिय शेयरधनी महानुभवहरु,**

यस मर्चेन्ट बैंकिङ्ग लिमिटेडको सञ्चालक समितिको २०८१/०१/२४ गते बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको दशौं बार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरूमा छलफल गरी निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१/०२/२५ (७, जुन-२०२४)
समय : दिनको १:३० बजे
स्थान : कार्यालय भवन, नयाँबानेश्वर काठमाडौ ।

**छलफलका विषयहरु:**

**(क) साधारण प्रस्तावहरू:**

१. आ.व.२०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३१, २०८० को वासलात छलफल गरि पारित गर्ने । नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरण माथि छलफल गरि स्वीकृत गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आगामी आ.व. २०८०/०८१ को आय व्ययको लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।
४. कम्पनीको प्रगति समीक्षा तथा भावी रणनीतिबारे छलफल गर्ने

**(ख) विशेष प्रस्ताव**

१ संथापक शेयर खरिद बिक्री प्रक्रियालाई सहज बनाउने तथा खरिद बिक्री कारोबारलाई स्वीकृती प्रदान गर्ने । संस्थापक सेयर खरिद-बिक्री सम्वन्धी सूचना प्रकाशन गर्ने ।
२. मर्जर र प्राप्तीको लागि खुल्ला रहने सो कार्यको लागि आवश्यक प्रबन्धपत्र तथा नियमावली संसोधन गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।
३. कार्यकारी अधिकृत नियुत्ती निजको कार्य सम्पादन सम्झौता, शर्तनामा तथा पारिश्रमिक सम्वन्धमा ।
४. विविध

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनि सचिव**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH BIN MOHAMMED BIN ABDULLAH AL-SAYARI CAR MAINTENANCE WORKSHOP

पूर्व स्वीकृति मिति २०८१/०१/२४ LT. No. 304315 चलानी नं. ६०२१९०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Mechanic | 2 | 0 | 2500 | ८९,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASKAR TRANSPORTATION CORPORATION

पूर्व स्वीकृति मिति २०८१/०१/२४ LT. No. 304316 चलानी नं. ६०२१९०९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 16 | 0 | 1800 | ६४,१४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAGARMATHA
Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## मलेसिया/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIQUE EATS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०४/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 268525 चलानी नं.६०१८४३८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 14 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : AL SEEF HOSPITAL

पूर्व स्वीकृति मिति २०८१/०१/२३ LT No :304241 चलानी नं. ६०२१९०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Lab Technician | 0 | 5 | 350 | १५२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nurse / Registered Nurses | 0 | 100 | 350 | १५२,१७५ | | | | | | | |
| 3 | Nurse Assistant | 0 | 5 | 300 | १३०,४३५ | | | | | | | |
| 4 | Physiotherapist | 0 | 5 | 350 | १५२,१७५ | | | | | | | |
| 5 | Radiographer/radiographer Technologist/technician | 0 | 5 | 350 | १५२,१७५ | | | | | | | |

कम्पनी : MONY HAIR LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/२३ LT No :304242 चलानी नं. ६०२१९०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure/pedicure/nail Technician/hairdresser/beau | 0 | 5 | 150 | ६५,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL BLUE CORPORATION FOR COMPUTER NETWORK

पूर्व स्वीकृति मिति २०८१/०१/२१ LT. No. 304080 चलानी नं. ६०२१८०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Communications and technical services labor | 1 | 0 | 1200 | ४२,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAJR ADVANCED GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/२३ LT. No. 304311 चलानी नं. ६०२१९०५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaner | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd. श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DISCOVERY EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति २०८१/०१/१८ LT. No. 304048 चलानी नं. ६०२१८८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 30 | 0 | 1200 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter | 35 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 3 | Steel Fixer | 35 | 0 | 1200 | ४३,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: (पूर्व बस स्टेशन) मुनाल ट्रेनिङ सेन्टर, इटहरी-४, मा मिति: २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ । दाङ शाखा, घोराहीमा मिति: २०८१ जेठ ३ गते (16th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १००१/०६८/६९
MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MINAWA CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति २०८०/०४/०३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 289531 चलानी नं. ६०२०४८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 7 | 3600 | १३०,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1500 | ५४,२८० | | | | | | | |
| 3 | Executive sales | 1 | 0 | 2500 | ९०,४६५ | | | | | | | |
| 4 | Foreman | 0 | 1 | 2500 | ९०,४६५ | | | | | | | |
| 5 | General clean worker | 1 | 1 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Helper | 6 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Sales supervisor | 1 | 0 | 3000 | १०८,५६० | | | | | | | |
| 8 | Supervisior | 0 | 1 | 3000 | १०८,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

# ‘युद्धग्रस्त मुलुकबाट नेपालीको उद्धार र फिर्ता ल्याउने प्रयास जारी’



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले युद्धग्रस्त देशमा रहेका नेपालीको उद्धार एवं फिर्ताका लागि सरकारले निरन्तर पहल गरिरहेको बताएका छन् । रूसी सेनामा भएका सम्झौता खारेज गरेर फिर्ता पठाइदिनुपर्नेलगायत विषयमा रुसी सरकारसँग वार्ता भइरहेको उनले जानकारी दिए ।

रुसको सेनामा कार्यरत नेपालीको संख्या, उनीहरूको अवस्थाबारे जानकारी, मृतकको शव फिर्ता, मृतकका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने जस्ता विषय रुसी सरकारसमक्ष उठाइरहेको उनको भनाइ छ । संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको सोमबारको बैठकमा उपप्रधानमन्त्री श्रेष्ठले रुसी सेनामा नेपाली आबद्ध भएको, कतिपय घाइते भएको, बिचल्लीमा परेको, युक्रेनी सेनाको कब्जामा रहेका र मृत्यु भएकाहरूको अवस्थाबारे सरकार जानकार रहेको भन्दै उनीहरूको उद्धार र स्वदेश फिर्ताका लागि सरकार सम्पूर्ण कूटनीतिक प्रयत्न गरिरहेको उल्लेख गरे ।

‘क्षतिपूर्तिका सम्बन्धमा सहमति जनाएर रुस सरकारले अहिले त्यसको प्रक्रिया अघि बढाएको छ । हामीले त्यसका लागि आवश्यक कागजात अघि बढाइसकेका छौं,’ उनले भने, ‘रुसी सेनामा भर्ती भएका नेपालीसँगको सम्झौता रुसी सेनासँग छ, त्यो खारेज गर्नुपर्‍यो र नेपाल फर्काउनुपर्‍यो भन्ने माग राखेका छौं । उक्त सम्झौता रद्द गरेर फिर्ता पठाउन सैद्धान्तिक सहमति ठोस रूपमा अगाडि बढ्ने तयारी भइरहेको छ ।’

आफू रुसको विदेशमन्त्रीसँग निरन्तर वार्तामा रहेको र रुसको रक्षा मन्त्रालयसँग पनि प्रत्यक्ष वार्ता गर्न प्रयासरत रहेको उनको भनाइ छ । ‘युक्रेनको कब्जामा रहेकाहरूको फिर्ता पनि माग गरेका छौं । यसका लागि रुसको विदेशीमन्त्रीसँगै रक्षामन्त्रालयसँग पनि कुरा भइरहेको छ,’ उनले भने । उनले युद्धग्रस्त स्थानबाट आफ्ना नागरिक फिर्ताका लागि हरसम्भव प्रयत्न जारी राखेको उल्लेख गरे । ‘आवश्यकता पर्‍यो भने हामी आफैं पनि रुस गएर वार्ता गर्नेसम्मको प्रस्ताव राखेका छौं,’ उपप्रधान तथा परराष्ट्रमन्त्री श्रेष्ठले भने ।

उनले विपिन जोशी हमासकै कब्जामा भएको सूचना भए पनि आधिकारिक रूपमा जोशीको अवस्थाबारे जानकारी प्राप्त नभएको बताए । युद्धग्रस्त देशहरूबीच शान्तिका लागि मध्यस्थता गरिरहेका देशसँग जोशीको रिहाइका लागि अनुरोध गरिरहेको उनको भनाइ थियो । ‘इजरायल र हमासबीचको युद्धमा विपिन जोशी हमासको कब्जामा रहेको नै हाम्रो अहिलेसम्मको धारणा हो । तर जोशीबारे औपचारिक र आधिकारिक अवस्थाबारे जानकारी प्राप्त भएको छैन र रिहाइ गर्न सकेको अवस्था छैन,’ उनले भने ।

बैठकमा समितिका सदस्यहरूले नेपाल र भारत सीमा समस्या, इपिजीबारे राखेको जिज्ञासाको जवाफ दिने क्रममा उपप्रधानमन्त्री श्रेष्ठले सुस्ता र कालापानी सीमा विवाद औपचारिक छलफलको अवस्थामा नै रहेको जानकारी गराए । नेपाल-भारत सम्बन्धका सबै आयामबारेमा कूटनीतिक छलफलबाटै टुंग्याउनुपर्ने उनको भनाइ थियो ।

## पहुँचका आधारमा हिरासत छल्नेमाथि कडाइ

# अस्पताल भर्ना हुन सिफारिस अनिवार्य

**काठमाडौं (प्रस)–** अनुसन्धान वा अभियोजनका क्रममा पक्राउ परेका व्यक्ति अस्पताल बस्नु परे सरकारी अस्पताल वा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकको सिफारिस अनिवार्य गरिएको छ । तर मानसिकरूपमा अस्वस्थ वा अस्पतालमै बसेर उपचार गराउनुपर्ने दीर्घरोगीको हकमा भने सिफारिस अनिवार्य गरिएको छैन ।

पक्राउ पर्ने व्यक्तिहरू हिरासतमा नबसी अस्पताल भर्ना हुने प्रवृत्तिप्रति जनस्तरबाटै प्रश्न उठेपछि गृह मन्त्रालयले मन्त्रीस्तरीय निर्णयअनुसार उक्त व्यवस्था गरेको हो । पक्राउ परेका व्यक्तिहरूलाई अस्पताल बस्न चिकित्सकले गर्ने सिफारिस समेत असामान्य र अविश्वसनीय भएको भन्दै यस्तो प्रवृत्ति न्यूनीकरण गर्न उक्त व्यवस्था गर्न लागिएको जनाइएको छ ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको सचिवालयले सोमबार सार्वजनिक गरेको विवरणअनुसार अस्पताल लैजानुपर्ने विकल्पका रूपमा हिरासतमै सरकारी अस्पताल अथवा नेपाल मेडिकल काउन्सिल दर्ता चिकित्सकले परीक्षण गरेर मात्रै अस्पताल राख्नुपर्ने/नपर्ने सम्बन्धमा निर्णय हुने र सोहीअनुसार गर्न निर्देशन दिइएको जनाएको छ । तर, शारीरिक एवं मानसिक रूपमा अस्वस्थ भएको अवस्था, दीर्घरोगीहरू जस्तैः उच्च रक्तचाप, मधुमेहलगायत नियन्त्रण नभएर अस्पतालमै बसेर उपचार गर्नुपर्ने अवस्थामा भने अस्पताल लग्नुपर्ने निर्देशनमा उल्लेख गरिएको छ ।

अस्पतालमा निगरानीका लागि ४८ घण्टाभन्दा बढी राख्नुपरेमा उपयुक्त कारण खुलाउनपर्ने पनि गृह मन्त्रालयले जनाएको छ । प्रहरी नियन्त्रणमा रहेका व्यक्तिलाई चिकित्सकीय सहायता उपलब्ध गराउने हालको कानुनी प्रबन्ध र अभ्यासलाई वस्तुगत, तथ्यपूर्ण र विश्वसनीय बनाउन मन्त्रालयले गत चैत १३ गते नेपाल मेडिकल काउन्सिललाई अध्ययन गरी रायसहितको प्रतिवेदन दिन अनुरोध गरेको थियो । काउन्सिलले यही वैशाख २३ गते बुझाएको प्रतिवेदनका आधारमा गृह मन्त्रालयले तीनबुँदे निर्णय गरेको जनाइएको छ ।

गृह मन्त्रालयको आग्रहअनुसार अध्ययन गर्न काउन्सिलले सदस्य डा. विश्वराज दवाडीको संयोजकत्वमा नौ सदस्यीय समिति बनाएको थियो । पहुँचका आधारमा हिरासत छल्न स्वास्थ्यलाई बहाना बनाउने घटना यदाकदा देखिएको भन्दै पदभार ग्रहणलगत्तै मन्त्री लामिछानेले यसबारे चासो लिएर छलफल सुरु गरेका थिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMART IDEA COMPANY FOR INDUSTRY

पूर्व स्वीकृति मिति: २०८१/०१/२३ LT. No. 304314 चलानी नं. ६०२१९०३५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Worker | 1 | 0 | 1200 | ४२,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**

श्रम इजाजत नं. ४३५/०६०/०६१

Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600

E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD INNOVATIONS TRADING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/२३ LT. No. 304313 चलानी नं. ६०२१९०३०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Warehouse Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EAST SEA INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति २०८१/०१/२३ LT. No. 304312 चलानी नं. ६०२१९०२९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Loading and Unloading Labor | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

श्रम इजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal

Phone No.: +977-1-4364494, 4352243

Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८०/०३/१७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 288640 चलानी नं. ६०२०४०८८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रु. | | | | | | | |
| 1 | Cleaner (Indoor) | 30 | 59 | 85 | ३६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**

Govt. License 1370/74/75

Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168

E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com

Website : www.namobuddharecruitment.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORLD STAR GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८०/१०/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 298565 चलानी नं ६०२१३५६७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रु. | | | | | | | |
| 1 | General Helper | 100 | 0 | 800 | २९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.**

श्रम इजाजत नं. ९९९/०६८/०६९

Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031

Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABOU SHAY RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/१०/०४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 298150 चलानी नं. ६०२१३२३५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रु. | | | | | | | |
| 1 | Helper | 4 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 3 | 0 | 1500 | ५४,८१० | | | | | | | |

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/०२/२० पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 287123 चलानी नं. ६०२०२५१७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रु. | | | | | | | |
| 1 | Accountant | 0 | 1 | 4500 | १६४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 5 | 0 | 2700 | ९८,००० | | | | | | | |
| 3 | Data Entry | 12 | 0 | 2700 | ९८,००० | | | | | | | |
| 4 | Driver | 5 | 0 | 2200 | ७९,८४० | | | | | | | |
| 5 | Foreman | 7 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | General Clean Worker | 1 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Guard | 1 | 0 | 1800 | ६५,३१५ | | | | | | | |
| 8 | Labour | 30 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Marketing Representative | 0 | 1 | 4000 | १४५,१६५ | | | | | | | |
| 10 | Receptionist | 1 | 2 | 1700 | ६१,६९५ | | | | | | | |
| 11 | Representative | 2 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 12 | Supervisior | 8 | 0 | 2500 | ९०,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**

श्रम इजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257

E-mail: jalajalarecru2017@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : V K N GENERAL SECURITY GUARD SERVICES

पूर्व स्वीकृति मिति २०८०/१०/१४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 298689 चलानी नं. ६०२१३९९७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रु. | | | | | | | |
| 1 | Security Guard | 25 | 0 | 1200 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JOUDATH FACILITIES MANAGEMENT SERVICES CO. LLC.

पूर्व स्वीकृति मिति २०८०/०२/०४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 286206 चलानी नं. ६०२०१६६२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रु. | | | | | | | |
| 1 | Male Cleaner | 20 | 0 | 800 | २९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**

P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal

Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111

Govt. License 083/053/054

Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN TEAM LLC

पूर्व स्वीकृति मिति २०८०/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No.297664 चलानी नं.६०२१२७३२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रु. | | | | | | | |
| 1 | Cleaner | 42 | 24 | 900 | ३२,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Filling Clerk | 10 | 0 | 1400 | ५०,५१० | | | | | | | |
| 3 | Helper | 4 | 0 | 900 | ३२,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: निःशुल्क कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**

श्रम इजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14

Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE MOUNT BUILDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/०१/२४ LT. No. 304271 चलानी नं. ६०२१९०७५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रु. | | | | | | | |
| 1 | Black Smith | 1 | 0 | 1200 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Layer | 4 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 3 | Building Labourer | 12 | 0 | 800 | २९,११० | | | | | | | |
| 4 | Building Painters | 1 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 5 | Carpenter | 3 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 6 | Construction Carpenter | 3 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 7 | Messenger | 1 | 0 | 1500 | ५४,५८० | | | | | | | |
| 8 | Steel Fixer | 2 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 9 | Tile Layer | 2 | 0 | 1200 | ४३,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

श्रम इजाजत नं. १०५०/०७३/०७४

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653

Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com


## गोङ्बुँसिद्धि बचत तथा ऋण सहकारी संस्था लि. साँवा ब्याज चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०१/२५ गते

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरूले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना लगायत अन्य दस्तुर आदि नतिरी सहकारीसँग गरेको कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा तारताकेता गरेको र सो गर्दा समेत सहकारीको साँवा, ब्याज, हर्जना चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले निम्न ऋणीहरूको नाममा मिति २०८१/०१/२५ गतेका दिन कारोवार दैनिक पत्रिकामा साँवा, ब्याज, हर्जाना चुक्ता गर्न अत्यन्त जरूरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी झै-झमेला नभएको, नियमावली तथा सहकारीको कर्जा नीति र नियम बमोजिम धितो लिलामको सूचना प्रकाशित गरीने भएकोले तोकिएको समयभित्र संस्थामा उपस्थित भै साँवा, व्याज, हर्जना चुक्ता गर्न हुन अनुरोध गरीन्छ । अन्यथा तपाईलाई सहकारी ऐन अनुसार कालो सुचीमा राखिने ब्यहोरा र तपाईको अन्य सम्पत्ति रोक्का राखीने व्यहोरा समेत अवगत गराउँदछौं ।

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण | धितो सुरक्षण विवरण |
|---|---|
| १. **कर्जाको शिर्षक** : न्यवसायिक कर्जा<br>**ऋणीको नाम**: सनी लामा<br>**बाबुको नाम**: विरमान लामा<br>**पतिको नाम**: सुर्यलाल लामा<br>**ससुराको नाम**: लक्ष्मण लामा<br>**ठेगाना**: शारदानगर-८, चितवन | १. काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित सनि लामाको नाममा रहेको कित्ता नं. १०३ को क्षेत्रफल १०९.३० व.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत) |
| २. **कर्जाको शिर्षक**: व्यवसायिक कर्जा<br>**ऋणीको नाम**: श्याम शरण नगरकोटी<br>**बाबुको नाम**: बल बहादुर नगरकोटी<br>**बाजेको नाम**: चन्द्र बहादुर नगरकोटी<br>**ठेगाना**: इचंगुनारायण-८. काठमाडौं | २. काठमाडौं जिल्ला, ईचंगुनारायण, बडा नं. ८ स्थित श्याम शरण नगरकोटीको नाममा रहेको कित्ता नं. ९४ को क्षेत्रफल १२७.१६ व.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत) |
| ३. **कर्जाको शिर्षक** : व्यवसायिक कर्जा<br>**ऋणीको नाम**: राम शरण नगरकोटी<br>**बाबुको नाम**: राज बहादुर नगरकोटी<br>**बाजेको नाम**: बल बहादुर नगरकोटी<br>**ठेगाना**: इचंगुनारायण-८. काठमाडौं | ३. काठमाडौं जिल्ला, ईचंगुनारायण, वडा नं.८ स्थित श्याम शरण नगरकोटीको नाममा रहेको कित्ता नं. ९० को क्षेत्रफल ९५.३७ व.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत) |

**नोट**: यस संस्थाबाट कर्जा लिएर समय-समयमा व्याज र किस्ता नबुझाएका ऋणी सदस्यहरू सबैलाई संस्थामा सम्पर्क गरी आफुले बुझाउनु पर्ने साँवा व्याज नियमित गर्न हुन अनुरोध गरिन्छ । अन्यथा यसैगरी पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक कानूनी कारवाही अगाडि बढाइने छ ।

**गोङ्बुँसिद्धि बचत तथा ऋणी सहकारी संस्था लि.**

टोखा न.पा. वडा नं.९, गंगबु, सिद्धिटोल

फोन नं.: ०१४९५५९५७, ९८५१३३७८५७

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## फेरि अस्थिरता निम्त्याउने खेल

प्रतिनिधिसभामा कुनै दलको बहुमत छैन । जसकारण पनि दिनहुँजसो दलका शीर्ष नेताहरू सरकारको नेतृत्व थुत्ने योजना बनाउन तल्लीन छन् । २०७९ मंसिरको निर्वाचन यता प्रधानमन्त्रीबाहेक अरू मन्त्रीहरू तीनपटक परिवर्तन भइसकेका छन् । यसपटक सत्ताको नेतृत्व नै फेर्ने प्रयास भइरहेको छ । यो खेलमा साना दल चेपुवामा परेका छन् । नागरिक उन्मुक्तिजस्तो सानो दललाईसमेत फुटाउने कोसिस भए पनि यो दल फुटबाट जोगिएको छ । तर, संसद्को सातौं ठूलो दल जनता समाजवादी पार्टी (जसपा) नेपाल भने औपचारिक रूपमा फुटेको छ । यो फुटसँगै अरू दल पनि फुट्न सक्ने सम्भावना देखिन्छ ।

दलहरू एकले अर्कोलाई आफ्नो शक्ति देखाउन पार्टी फुटाउन लागिपरेका छन् । कोही मन्त्री नपाएको झोंकमा पार्टी फुटाउन लागिपरेका छन् । देश संघीयतामा गएपछि यति धेरै अस्थिरता सायद पहिलोपटक यसपालि देखिँदै छ । ठूला दलका नेताहरूलाई संघीयता पचेको देखिँदैन । उनीहरू विभिन्न बहानामा धर्मनिरपेक्षता र प्रदेश खारेजीको अभियानमा लागेको देखिन्छ ।

राजनीतिक बेइमानी प्रदर्शन गरेर दलहरू संघीयता विफल पार्ने खेलमा लागेको कतिपयको भनाइ छ । नेपाली कांग्रेस र नेकपा एमाले प्रतिनिधिसभामा पहिलो र दोस्रो दल हुन् । यी दुई दल सत्तापक्ष र प्रतिपक्षको 'म्युजिकल चेयर'मा छन् । एउटा दल प्रतिपक्षमा आउनासाथ सत्ता ढाल्ने खेल सुरु भइहाल्छ । पहिलोपटक एमालेको साथ पाएर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री बनेका थिए । तर, केही समयमा दाहाल नेतृत्वको सरकारमा कांग्रेसको इन्ट्री भयो । कांग्रेस सरकारमा जानसाथ एमाले पुनः सरकार ढाल्ने खेलमा लाग्यो । कांग्रेस एक वर्ष पनि सरकारमा बस्न नपाउँदै एमालेले कांग्रेसको ठाउँ कब्जा गर्‍यो । अहिले फेरि कांग्रेस जसरी पनि सत्ता ढाल्ने खेलोमा छ ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा जसरी पनि आफ्नो नेतृत्वमा सरकार बनाउनुपर्ने अडानमा छन् । यसका लागि उनले आफ्ना दलका नेताहरूलाई खटाएका छन् । तर देउवा असफल हुँदै आएका छन् । उनको योजना असफल पार्न एमाले अध्यक्ष केपी शर्मा ओलीले विभिन्न तिकडम गर्दै आएको देखिन्छ । यसको पछिल्लो उदाहरण हो जसपा फुट । पार्टी अध्यक्ष उपेन्द्र यादव अमेरिका घुम्न गएको मौका पारी ओलीले जसपा फुटाएको बताइन्छ । यसरी जनताका लागि हैन, सत्ता र आफ्ना लागि दलहरूले धमाधम दल फुटाउने र मन्त्री 'अफर' स्वीकार गर्न थालेका छन् । के यसरी नै दलहरूले राजनीतिक अस्थिरता मच्चाएर फेरि चुनावोन्मुख राजनीति गर्न लागेका हुन् ?

# लगानी सम्मेलन र लगानी वातावरण निर्माण



▸▸ गोपीनाथ मैनाली

कमजोर सुशासनका कारण लगानीकर्ताहरू आफ्नो पुँजी तथा प्रयासलाई उपयोग गर्न अभिप्रेरित छैनन् । अनावश्यक झन्झट झ्याउलो र अतिरिक्त लागत बेहोर्न लगानीकर्ता डराउँछ । त्यसैले सरकारले पटक-पटक आयोजना गरेको लगानी सम्मेलनमा लगानी गर्न इच्छुक रहेको जस्ता कूटनीतिक भाषा प्रयोग गर्छन्, तर लगानी गर्न इच्छुक छैनन् । पछिल्लो समय मुलुकमा भएका संस्थागत बेथितिले राम्रो सन्देश गएको छैन । नेपालको छवि बाहिर राम्रो देखाउने काम भएको छैन ।

नेपाल अवस्थिति र श्रम (लोकेसन एण्ड लेबर) का आधारमा मात्र होइन, प्राकृतिक स्रोतको उपलब्धताका कारण पनि लगानी गन्तव्य मुलुक हो । उदारीकरणको नीतिले निजी क्षेत्रको लगानीलाई नीतिगत संरक्षण पनि प्रदान गरेको छ । लगानी बोर्ड नेपाल, सार्वजनिक निजी साझेदारी, औद्योगिक लगानी प्रवर्द्धन केन्द्रजस्ता संरचनाले पनि लगानी आकर्षणका लागि बाटो देखाएका छन् ।

सरकार लगानीको वातावरण बनाउन लागि परेको छ र सहुलियतका प्याकेजहरूको घोषणा पनि गरिरहेको छ । पटक-पटक लगानी सम्मेलन गरेर नेपालमा लगानीका लागि उपयुक्त वातावरण छ भन्ने सन्देश दिइएको छ । लगानी सम्मेलनमा सरकार प्रतिपक्ष, व्यवसायीहरू, नीति निर्माता र विकास साझेदारहरूको एकसाथको उपस्थितिले लगानी प्रवर्द्धन गर्न राष्ट्रिय सहमति छ भन्ने सन्देश दिइँदै आएको छ ।

नीति वातावरण र सहुलियतको घोषणाका बावजुद उद्योग व्यवसायमा खासै लगानी भएको छैन । बाह्यमात्र होइन, आन्तरिक लगानी पनि त्यति भएको छैन । आफ्नो पुँजी लगानी गर्ने संस्था वा व्यक्तिले धेरै कुराहरू विचार गरेर मात्र लगानी गर्दछन् । यसर्थ नीतिगत र व्यावहारिक दुवै कुरा उत्तिकै महत्त्वपूर्ण छन् । नेपालमा यी दुवै पक्ष सुधारको पर्खाइमा छन् । लगानी परियोजनालाई प्रभाव पार्ने प्रमुख कारकमध्ये एक जग्गा प्राप्तिको समस्या हो । विभिन्न कारणले जग्गा जमिनमाथि चाप बढ्दै गयो, विकास गतिविधि बढ्दै गयो, वातावरणीय जोखिमहरू पनि बढ्दै गए, विकास गतिविधिका कारण मानव जोखिम पनि बढ्दै गयो, जग्गाको मूल्य पनि बढ्दै गयो । भूमिमाथि सामाजिक र राजनीतिक रूपमा संवेदनशीलता पनि बढ्दै गयो र यसले आयोजना व्यवस्थापनमा जटिलता थपिदियो । जग्गा प्राप्तिको प्रक्रियामा रहेका यी जटिलताले निजी क्षेत्रको लगानीमा जोखिम देखियो, प्रभावितको पुनर्वास तथा पुनःस्थापनामा समस्या देखियो, एकीकृत नीति तथा अभ्यासको अभाव रह्यो । लगानीकर्ताबाट जति पनि क्षतिपूर्ति लिन हुन्छ भन्ने प्रवृत्ति बढ्न गयो ।

लगानीमैत्री वातावरणका लागि चाहिने नीतिप्रति पनि लगानीकर्ता त्यति आश्वस्त भएनन् । उदारीकरणको नीति परिवेश छ तर समाजवाद उन्मुख अर्थतन्त्रको उल्लेख संविधानमा गरिएको छ । समाजवाद भनेको के भन्न खोजिएको भन्ने प्रस्ट पारिएको छैन । केही ठूला राजनीतिक दलहरूको चुनावी घोषणापत्र र दस्तावेजमा उदारवादी लोकतन्त्रलाई उपयोग गरेर समाजवादको गन्तव्यमा पुग्ने भनिएको छ । सरकार बदलिएपछि नीति उही रहे पनि नीति व्यवहारमा आउने परिवर्तन, नीतिप्रतिको सामाजिक र राजनीतिक सम्मति, पुँजी फिर्ता र नाफा फिर्ता लैजाने विधिमा जटिलता, नियमन र प्रोत्साहनबीचको असन्तुलनजस्ता पक्षबाट पनि उद्यमीहरू मनोवैज्ञानिक रूपमा उत्साहित देखिएका छैनन् ।

नेपालको पुँजी बजार साँघुरो छ । बैंकहरू न्यून क्षमता छन् । ठूला परियोजनामा लगानी गर्ने क्षमतामा छैनन् । अर्थतन्त्रमा पुँजी निर्माणको प्रकृति सुस्त छ । बिमा तथा क्षतिपूर्तिका जटिलता, बाह्य पुँजी र आन्तरिक पुँजीको परिपूरण अभाव पनि देखिँदै आएको छ । अर्को जटिलता श्रम सम्बन्धले पनि देखाउने गरेको छ । बेरोजगारीका कारण श्रम सस्तो पनि छ । तर श्रम कानुन र लगानी कानुनबीच द्वन्द्व, श्रमिकहरूमा रहेको राजनीतिक संरक्षण, सीपयुक्त श्रमको अभाव, श्रमिक र लगानीकर्ताबीच बुझाइको अन्तरले लगानीमैत्री वातावरण बनाउन विगतदेखि समस्या पार्दै आएको छ ।

लगानीको उत्प्रेरक पूर्वाधार हो भने उत्पादित वस्तुको सहज संरक्षण र वितरणमा पनि भौतिक पूर्वाधारले आधारको रूपमा काम गर्दछ । तर भौतिक पूर्वाधार, सुरक्षा, सञ्चार, गोदाम व्यवस्था, क्लियरिङ जस्ता कार्य अझै भरपर्दा छैनन् । लगानीले स्वागतमुखी संस्कृतिको माग गर्दछ । भारतको पश्चिम बंगालमा स्वागतमुखी व्यवहार भएन तर गुजरातमा त्यहाको राज्य सरकारले अनुकूल व्यवहार गर्‍यो, उद्योग कारखाना त्यतै हानिए । यसबाट पनि नेपालले शिक्षा लिन सक्छ । स्वागतमुखी कार्य संस्कृति विथोल्ने कारकमा आन्तरिक कुशासन, कार्यविधिगत जटिलता, प्रशासनिक हच्यासल, सहुलियत लिनमा कठिनाइ, चन्दा उपहार, प्रदर्शन प्रभावको अभाव, सम्भावनाको प्रचारप्रसार, आन्तरिक उद्यमीप्रति संरक्षण गर्ने प्रवृत्ति, वातावरण प्रभाव मूल्यांकनमा लाग्ने लामो समय आदि हुन् ।

कमजोर सुशासनका कारण लगानीकर्ताहरू आफ्नो पुँजी तथा प्रयासलाई उपयोग गर्न अभिप्रेरित छैनन् । अनावश्यक झन्झट झ्याउलो र अतिरिक्त लागत बेहोर्न लगानीकर्ता डराउँछ । त्यसैले सरकारले पटक-पटक आयोजना गरेको लगानी सम्मेलनमा लगानी गर्न इच्छुक रहेको जस्ता कूटनीतिक भाषा प्रयोग गर्छन्, तर लगानी गर्न इच्छुक छैनन् । पछिल्लो समय मुलुकमा भएका संस्थागत बेथितिले राम्रो सन्देश गएको छैन । नेपालको छवि बाहिर राम्रो देखाउने काम भएको छैन ।

नेपालका निजी क्षेत्रका घरानाहरूले बाह्य लगानीकर्तासँग सहकार्य गर्ने क्षमता देखाएका छैनन् । बाह्य संस्था तथा व्यक्तिगत लगानीकर्तासँग नेपालका ठूला भनिएका घारानाहरूले उत्पादन, व्यापार तथा प्रविधिमा साझेदारी त्यति गरेका छैनन् । यसले आन्तरिक उद्यमी नै उत्साही छैनन् भन्ने सन्देश बाहिर गएको छ । साथै दुई छिमेकी मुलुकहरूबीचको उतारचढावपूर्ण राजनीतिक र कूटनीतिक अवस्थाले पनि व्यापारलाई प्रतिकूल प्रभाव पारिरहेको छ ।

नेपालले निकै उत्साहका साथ आयोजना गरेको लगानी सम्मेलन सकिएको छ । लगानी अनुकूल वातावरण बनाउनका लागि सरकारले छोटो बाटोबाट केही कानुनहरू संशोधन गर्ने अध्यादेश जारी गरेको छ । लगानीमा बाधक ठानिएका प्रावधानहरू हटाउन भूमिसम्बन्धी ऐन, जग्गा प्राप्ति ऐन, विद्युतीय कारोबार ऐन, विशेष आर्थिक क्षेत्र ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, सार्वजनिक-निजी साझेदारी ऐन, वन ऐन र औद्योगिक व्यवसाय ऐनलाई लगानी सम्मेलनको उद्घाटनकै समयमा संशोधन अध्यादेश जारी गरी हामी लगानीको वातावरण बनाउन तयार छौं भन्ने सन्देश दिइएको छ । सम्मेलनको तयारी र सोकेस आयोजनामा जे-जस्तो स्थिति रहे पनि राजनीतिक सहमति कायम गर्ने सरकारको प्रतिबद्धता पनि देखिएको छ । यसले सकारात्मक सन्देश दिएको छ ।

सम्मेलनको आयोजना एउटा घटनाका रूपमा मात्र रहे यो पनि विगतका सम्मेलनकै निरन्तरतामा देखिएको छ । सम्मेलनमा व्यक्त भएका कुराहरू र लगानीकर्ताको मनोभावनालाई समेत ध्यानमा राखेर सरकार तथा लगानी बोर्ड नेपालले गर्नुपर्ने काम अब सुरु भएको छ । नीति संरचनामात्र परिवर्तन गरेर पुग्दैन, यसका लागि सरकारले गर्नुपर्ने कामको सुरुआत लगानी वातावरणको पहिलो सर्त हो । जस्तो कि जग्गा प्राप्तिलाई लगानीको प्याकेजमा नै समावेश गर्ने (विस्थापन न्यूनीकरण, जीविकोपार्जन, पुनर्वास योजना कार्यान्वयन, उचित मुआब्जा र क्षतिपूर्ति) अभ्यास गर्नुपर्छ । लगानीकर्ता पुँजी र प्रविधिमात्र लिएर आउँछ, अन्य कुरा लगानी गन्तव्य मुलुकले गर्नु पर्दछ ।

नीति स्थिरताको सुनिश्चितका लागि राजनीतिक दलहरूबीचको सहमति, संविधानको व्याख्या, नीति प्रावधान कार्यान्वयनको प्रतिबद्धता, निरन्तर सहजीकरण र समीक्षाको परिपाटी बसाल्नु पर्दछ । पुँजीबजार बिस्तारका लागि अर्थ मन्त्रालयको अगुवाइमा बैंक, बिमा, मौद्रिक नीति, सहयोग, सरकार-उद्यमी वित्त सहकार्य, सरकारी जमानत, वित्त कन्सोर्टियम आदिको व्यवस्थापन गरिनु पर्दछ । लगानी बोर्डले सरकारका निकायहरूसँग समन्वय गरी श्रम सम्बन्ध सहभावीकरण, श्रमिक अभिमुखीकरण, पूर्वाधार सुनिश्चितता जस्ता कार्य निरन्तर गर्नुको विकल्प छैन ।

स्वागत संस्कृति विकासका लागि कार्यव्यवहार परिवर्तन गर्नुपर्दछ । विमानस्थल नेपाल हेर्ने ऐना हो, विमानस्थलदेखि नै मीठो सेवा, प्रशासनिक कार्यसंस्कृति परिवर्तन, एकल बिन्दु सेवा, प्रदर्शन आयोजना विकास, प्रमुख निर्णयमा समय किटानी, प्रशासनमाथि नियमन, लगानी सहकार्य आयोजना, आयोजना विकास, आय प्रत्याभूति, सम्भाव्यता न्यूनपूर्ति कोषको व्यवस्था जोखिम सहकार्य, डायस्पोरा परिचालन र प्रचारप्रसारले स्वागत संस्कृति निर्माणमा सहयोग पुग्दछ । कर प्रशासन र सम्बद्ध कर्मचारीको व्यवहार व्यावसायिक सदाचारमा रहनुपर्दछ ।

नेपाल पोलिसी इन्स्टिच्युट, गैरआवासीय नेपाली समाजलगायत विश्वभरि छरिएर रहेका नेपाली डायस्पोरा र विभिन्न काममा रहेका नेपालीहरूको विश्वास जिती उनीहरूलाई परिचालन गर्ने जनस्तरको कूटनीति लिनुपर्छ । यसले बाह्य समाजमा नेपालको पहिचान र सम्बन्ध विकासमा ठूलो योगदान गर्नसक्छ । साथै, छानिएका क्षेत्रमा नेपाली उद्यमी र बहुराष्ट्रिय संस्थासँग सहकार्य गरी नेपाली वस्तु तथा सेवाको विश्वव्यापी मूल्यसिक्रीमा आबद्ध हुने काम तत्काल गर्नु पर्दछ । यी काम ढिलो होइन, आक्रामक रूपमा तत्काल गर्नुपर्छ । किनकि अभियानका रूपमा सञ्चालन गर्नुपर्ने कामको समय र गति समात्न सकिएन भने त्यसले हाम्रो अर्थतन्त्रलाई छाडेर जान्छ । *रासस*

*(लेखक नेपाल सरकारका पूर्वसचिव हुन्)*

## मननयोग्य

### विदुर नीति

**महात्मा विदुरको जीवन चरित्र प्रभावशाली निष्पक्ष व्यक्तित्व र विशेषताहरू**

महात्मा विदुरलाई महाभारतमा महापात्र अर्थात् महान् बुद्धिमान भनिएको छ । उनले बोलेका कुराहरू ज्यादै नै समझदारीपूर्ण तथा सोचविचार पुर्‍याएर गरिएका गहिरा ठानिन्थे । विदुर एक अनुपमेय व्यवहारवादी व्यक्तित्व थिए । अन्धा राजा धृतराष्ट्रलाई सल्लाह दिने प्रधानमन्त्रीको रूपमा विदुर नियुक्त गरिएका थिए, जुन विदुरले जुवा, द्रौपदीको बस्त्रहरण, दुर्योधनको उद्दण्डता तथा पाण्डवसँग दुर्योधनले राख्ने सम्पूर्ण दुराग्रहको विरोध गरेका थिए । राजा र देशका लागि सदा इमानदार सेवक भएर आफ्नो पदमा रहेका थिए । अरूलाई जस्तो उनलाई दोष दिने कतै ठाउँ उनले छाडेनन् । सदा राजा, देश र न्यायको पक्षमा स्वयम् राजा धृतराष्ट्रसँग बहस गरेर आफ्नो इमान र धर्मको पालना गरे । उनी जस्तो नीतिश र चतुर आजको संसारमा अन्य कोही कतै जन्मेको छ ? छैन सबै पैसा, पद र शक्तिका दास मात्र छन् । महात्मा विदुर उद्भट विद्वान्, धर्म र नीतिका ज्ञाता तथा वैदिक कालको राजनीतिमा पोख्त थिए। यिनै कारणले गर्दा 'महाभारत' मा उनको विशिष्ट स्थान छ । यिनी सबैका लागि सम्माननीय थिए । परम अभिमानी र पाण्डवहरूप्रति अत्यधिक द्वेषपूर्ण भावना लिने दुर्योधनसमेत विदुरको निष्पक्षताका विषयमा पूर्णतः आश्वस्त रहन्थ्यो । विदुरको वाणी-संयम, समयानुकूल कुरा गर्नु (अर्थात् जुन कुरा भन्नैपर्ने हुन्छ कटु नै भए पनि न हिच्किचाएरै भन्ने बानी) यी सबै उनका सर्वश्रेष्ठ गुणहरू थिए ।

विदुर कति धेरै समादृत थिए भन्ने सम्बन्धमा एउटा प्रसंगलाई लिन सकिन्छ : बाह वर्ष वनवास र एक वर्षको गुप्तवासपश्चात् पाण्डवहरू विराटनगरमा प्रकट भएका थिए । राजा द्रुपद पनि विराटनगरमा गएर भावी कार्यक्रम र युद्धको तयारीबारे छलफल गर्दथे । राजा दुपदले आफ्ना पुरोहितलाई कुरु नरेश धृतराष्ट्रकहाँ पाण्डवहरूको राज्य फर्काउनेबारे खबर गर्न पठाए । पुरोहितले भनेको युक्तियुक्त भनाइलाई भीष्म आदिले अनुमोदन गर्दा पनि दुर्योधनले अस्वीकार गरिदियो । क्रमश :




# ज्यान जाला छाड्दिन !

'म कुनै हालतमा पनि छाड्दिन शोकजी । जे हुन्छ हुन्छ ! बरू फुटे फुटोस्, टुटे टुटोस् । अब पनि त्यसै छाडिन्न । उमेर ढल्केर मर्किने बेला भइसक्यो । ज्यान छिप्पिएर गइसक्यो । सधैं अरूका लागिमात्र कति गर्नु हो !' कालेदाइलाई अलंकार काका शब्दवाण प्रहार गर्दै थिए ।

प्रजाको तन्त्र ल्याउनदेखि पञ्चायती शासन ढाल्न भन्दै मध्यरात गाउँ-गाउँ चाहरेर आफ्नो मास्टरी पेसालाई नै धरापमा पारेका थिए अलंकार काकाले । तर, काकालाई के मेलो मिलेन कुन्नि आजकल निकै रिसमात्र उठ्न थाल्या छ रे !

हाइहाइ र हुँइहुँइ गर्नेले चुनाउ पनि जित्ने, मन्त्री पनि खाने ? मन लागेको गर्ने । कानुनलाई खिल्लीमा पारेर चिल्ली बनाउने । अनि दशकौं रूप, नाम फेरि फेरि साँच्चै नै परिवर्तन गराउँछु भन्ने अलंकार काका सधैं रित्तो भए पनि उनी अहिले आफूलाई आधुनिक दासका रूपमा परिणत गर्न थालेका छन् ।

गणऽतन्त्र आएपछि अझ दास प्रथा बढेको भन्दै उनी अब परिवर्तन भइसके । पहिलेपहिले पदले के काम हुन्छ र ? भन्ने मान्छे अहिले त कुनै पनि हालतमा पद छाड्दिनँ भन्छन् !

किन त्यसो भन्न थाले अलंकार काकाले भनेको त ? पद भएपछि सबै चल्छ रे ? अन्यायलाई न्यायमा परिणत गर्न सकिने । चोर पनि साधु हुन सक्ने भएपछि पद त चाहियो चाहियो । त्यसमा पनि 'फुल मन्त्री' ! मन्त्री भनेको त मन्त्री नै हो नि चोर होस् कि गुण्डा होस् कि भ्रष्टाचारी होस् कि जेसुकै होस् ।

खड्ग बाले पनि भन्दिए, 'यस्तो पाराले पनि हुन्छ ? न कुनै योगदान छ, न संघर्ष छ, न विचार छ डाङडाङ र डुङडुङ गरेर नेता बन्ने ! ए बाबा नेता हुनका लागि र पदका पुग्नका लागि कम्तीमा केही न केही योगदान त हुनु पर्‍यो नि । हप्काएर थर्काएरै जो मन्त्री बन्ने पनि हुन्छ ? यसले देश बिगार्छ बिगार्छ ।'

आफूलेचाहिँ के-के न गरेको जस्तो खड्ग बा पनि ! आफूले बोलेको र गरेको चाहिँ ठीक अरूले गरेको चाहिँ बेठिक भन्ने पनि हुन्छ कतै ? पित्तबाले प्याट्ट एक रन्को दिइहाले । मन्त्री झ्याप्पै खान हावा हुण्डरी जस्तालाई पनि गोजीबाट सांसद दिएपछि हुने त यस्तै नै हो ।

दलेहरूको दल फचाटफचाट फुटेको फुटचै छ । केका लागि फुटेको छ भन्दा मन्त्री पद खानका लागि । मन्त्री किन खाने भन्दा देशलाई खोक्रो बनाउने, कमिसन खोरहरूसँग रमाउनका लागि भनेको छ । त्यही भएर पेन्द्रहरू काँ शोक परेको छ । 'आछ्युँ खाएँ बाच्युँ खाएँ झुसे बारुला' भने जस्तै भएको छ ।

जनताका लागि भुत्तो केही नगर्ने, रातो दिन लुटमाथि छुटमात्र गर्नेलाई के भन्नु र खै ? पित्तबाले प्रश्न गरे ।

अलंकार काकाले पित्तबालाई चित्ता दुखाएरै भने, 'उ बेला हामीले रूप रङ, भाषा, धर्म जति नै फेरेर काम गरेको भए पनि त्यसको कुनै मूल्यांकन भएन । सीमित ठेकेदारहरूको चंगुलबाट देश बाहिर आउन नै सकेन !'

अलंकारका कुरालाई समर्थन गर्दै वित्तका विज्ञ तर चित्त भने पित्त जति पनि नभएका वित्तबाले भनिहाले- के गर्नु नीति निर्माण गर्ने तपाईंहरू नै हो । यो गर्छु र त्यो गर्छु भन्ने तपाईंहरू नै हो । नेता छान्ने तपाईंहरू नै हो अहिले अब धारे हात लगाएर के गर्नु ? जवानाअनुसार चल्न थाल्यो ।

अलंकारले विमति जनाएनन् । बोली र व्यवहार फरक गरेकै कारण खड्गजीले भनेजस्तै हाहा र हुँहु गरेरै राजनीति चल्ने भो ! राजनीति भनेको अहिलेको जस्तो हुँदै होइन । जनताको चाहना अनुसार पो हुनुपर्दथ्यो । तर, त्यसो भएन । नेताले चाहेको जस्तो भयो । परऽजाऽतन्त्र ल्याउनेहरू नै अहिले पुर्पुरोमा हात लगाउन थालेका छन् । जता हेर्‍यो कुर्सीका लागि फुटेको फुटचै । जसको हेर्‍यो उसैको वाद अर्थात् परिवारवाद ! अनि भुत्रो देश चल्थ्यो र ?

पार्टी किन फुट्यो ?
सत्ताका लागि !
कसले फुटायो ?
सत्ताको स्वादले !
कसरी फुट्यो ?
मन्त्री खाने रहरले !
मन्त्री मैले नै खानुपर्‍यो ।

ठाउँ-ठाउँको भर्तीमा मेरै मान्छे हुनु पर्‍यो । जिम्मेवारी मैले भनेकै मान्छेले पाउनुपर्‍यो । त्यसो भए जनतालेचाहिँ के पाउने ? पित्तबाको पित्त फुट्नेगरी आवाज निस्क्यो ?

अलंकार हाँस्दै भन्न थाले- ल तपाईं पनि जनताले के पाएका छैनन् ? महँगी यत्रो पाका छन् ! घरखेत बेचेरै भए पनि छोराछोरी विदेश पठाएर गाउँ रित्तो बनाएर विदेश घुम्न जान पाका छन् । सरकारले भने जति डरै डरले कर लिएकै छ । त्यहाँ भन्दा के चाहियो भेँडाहरूलाई !

भेँडा ! कसरी, को भेडा ? अब त तपाईं पनि यस्तो ? पित्तले चित्त फचाँके ।

हो नि ! जनता त कसरी भन्नु ! यो देशमा बसुञ्जेल त कुनै न कुनै दलको भेँडा हुन् जे भन्यो त्यही गर्ने ! जनता भाको भए त यस्तो हुन्थ्यो र ? एमाले, कांग्रेस, माओवादी, सिद्धान्तविहीन मधेसवादी, विचार नै नभएको समाजवादीका दुई नेताको झगडाले पार्टी फुटेर ज्यान जाला अध्यक्ष पद छाड्दिन भन्दा पनि तररऽररररऽ ताली बजाउने भेडा नभएर के हो त ? उनीहरूलाई मन नलागे फुट, उनीहरूलाई मन लागे जुट ।

अब त पदका लागि छोड्ने कुरै हुँदैन । सत्ताबाहिर बस्यो भने त कसैले गन्दै गन्दैन ! त्यही भएर पनि ज्यान जाला छाड्दिनँ । पद पो पर्‍यो त । दुई-चार सयको नोट हो छाड्नलाई ? बरू घरबार त्याग्छु पद त्याग्दिनँ । नागरिकलाई उन्मुक्ति दिन्छु भन्नेले परिवार नै उन्मुक्ति दिने, समाज नै नभएको समाजवादी फोरमले फोरेकै फोर्‍यै गर्ने । खड्गजी र छविजी खोलाका दुई किनारा पनि एकै ठाउँमा आएर बस्न सक्ने भएपछि, जति लर्बराएर भए पनि सत्ता छाडिन्न ! पद छाडिन्न ! बरू ज्यान फालिन्छ । दुई-चार जना भेँडाहरूलाई सहिद बनाइन्छ, पद छाडिन्न । ज्यान जाला छाड्दिन भनेपछि छाड्दिन ।

# विपद् व्यवस्थापनमा स्थानीय तहबीच सहकार्य हुनुपर्नेमा जोड

**ललितपुर (प्रस)**– विपद् व्यवस्थापन र प्रतिकार्य योजनामा स्थानीय तहहरूबीच सहकार्य हुनुपर्नेमा जोड दिइएको छ । ललितपुर महानगरपालिका, कैलालीको धनगढी उपमहानगरपालिका, डडेलधुराको अमरगढी नगरपालिका र बझाङको जयपृथ्वी नगरपालिका प्रमुखहरूले सो कुरामा जोड दिएका हुन् ।




सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजना तथा सुपर परियोजनाको समन्वयमा सोमबार आयोजित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी, भूमिका र पहलकदमीसम्बन्धी कार्यक्रममा बोल्दै ललितपुर महानगरप्रमुख चिरीबाबु महर्जनले विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन महानगरले हरसम्भव प्रयास गरिरहेको बताए । उनले विपद्को समयमा खोज, राहत तथा उद्धार कार्यमा सूचना पाएको चार मिनेटमा आकस्मिक विपद् प्रतिकार्य गर्ने नीतिका साथ महानगरले काम गरिरहेको बताए ।

महर्जनले संघीय सरकार र प्रदेश सरकारले विपद् प्रतिकार्य अभ्यासमा पर्याप्त ध्यान दिन नसकेको अवस्थामा महानगरले आफ्नो जिल्ला र उपत्यकाका छिमेकी स्थानीय तहहरूसँग सहकार्य गरेर यसकार्यलाई थप प्रभावकारी बनाउँदै लैजाने बताए । 'विपद व्यवस्थापनका काममा कहिल्यै सन्तुष्ट हुन सकिँदैन तथापि महानगरले विपद्का समयमा जनशक्तिका साथै नयाँ प्रविधिको प्रयोग पनि आवश्यक हुँदोरहेछ । अहिले हामीले एउटै छानामुनि विपद् व्यवस्थापनका लागि आवश्यक सबै व्यवस्था गरेका छौं र विपद् व्यवस्थापनमा दमकलसँगै एम्बुलेन्स खटाउने नीति पनि लागू गरिसकेका छौं,' महर्जनले भने ।

विपद्मा परेकाहरूको सहयोग गर्नेमात्र नभई त्यस्ता कार्यमा खटिने कर्मचारीलाई पनि सुरक्षित राख्नुपर्ने आवश्यकता औंल्याउँदै महानगरले भूकम्पको जोखिमबाट बच्ने र उद्धार गर्ने विषयमा कर्मचारीलाई तालिम दिइसकेको र यस्ता कार्यमा सुरक्षा निकायलगायत संघसंस्थाबाट सहयोग प्राप्त भइरहेको जानकारी गराए । कैलालीको धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालले विपद् व्यवस्थापनका विषयमा ललितपुर महानगरबाट धेरै कुरा सिकेर आफ्नो पालिकामा पनि लागू गर्न सफल भएको बताए । नगरप्रमुख हमालले ललितपुर महानगरबाट फोहोर व्यवस्थापनदेखि विपद् व्यवस्थापनका क्षेत्रमा आफूले धेरै सिक्ने अवसर पाएको बताए ।

'अरु पालिकामा जाँदा भव्य स्वागत त गर्नुहुन्छ तर आफ्ना असल अभ्यासबारे हामीलाई सिकाउँदैनन् । त्यसैले अरुले लुकाउँछन् तर ललितपुरले हामीलाई धेरै सिकाएको छ,' हमालले भने । उनले धनगढीमा प्लास्टिक बन्देज गरेको डेढ वर्ष भइसकेको र सूर्तीजन्य पदार्थको नियमन पनि भइरहेको जानकारी गराए ।

डडेलधुराको अमरगढी नगरपालिकाका प्रमुख डिल्लीराज जोशीले स्थानीय तह अधिकारका हिसाबले सम्पन्न भए पनि आर्थिक स्रोतको अभावमा धेरै काम गर्न नसकिएको बताए । उनले भूकम्पलगायत विपद् जोखिम न्यूनीकरणका लागि नगरले सचेतना अभिवृद्धिका काममा जोड दिइरहेको बताए । 'सुदूरपश्चिम भौगोलिक दृष्टिले भूकम्पको जोखिममा छ । पहाडी जिल्लामा मानवीय त्रुटिका कारण पनि बढी जोखिम छ । अहिले हामीले जोखिम न्यूनीकरणका लागि जनचेतना जगाउने कार्य गरिरहेका छौं अब यहाँबाट सिकेका कुरालाई लागू गर्ने प्रयासमा लाग्ने छौं,' जोशीले भने ।

बझाङको जयपृथ्वी नगरपालिकाका प्रमुख चेतराज बरालले जिल्ला नै भूकम्प र बाढीको उच्च जोखिममा रहेकाले जतिबेला पनि जोखिममा पर्ने अवस्था रहेकाले सोहीअनुसार नगरले योजना बनाइरहेको बताए । 'विपद्का लागि भर्खरै ऐन पारित गरेका छौं, त्यसको कार्यान्वयनका लागि धेरै काम गर्न बाँकी छ । राष्ट्रिय मापदण्डलाई आधार मानेर भवन निर्माणसंहिता लागूगर्ने तयारीमा छौं,' बरालले योजना सुनाए । सुदूरपश्चिम प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव सुशील वैद्यले समुदाय र विद्यालयस्तरमा सचेतना अभियानलाई केन्द्रमा राखेर मन्त्रालयले आवश्यक कार्य गरिरहेको बताए । पछिल्लो समय प्रदेशस्तरमा विपद् व्यवस्थापन प्राधिकरण चाहिन्छ कि भन्ने बहस पनि चलिरहेको उनले जानकारी दिए ।

---

## लिखु तामाकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**धोबी बजार, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०१/२५ गते)**

लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापको लागि तपसिल बमोजिमको पदमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५/०९/०९ को स्वीकृत दरबन्दी तेरिज बमोजिम लिखु तामाकोशी गाउँपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ बमोजिम मिति २०८०/०९/२८ को गाउँ कार्यपालिकाको निर्णयानुसार करार सेवामा खुला प्रतियोगितात्मक प्रतिस्पर्धा मार्फत पदपूर्ति गर्नु पर्ने भएकोले इच्छुक नेपाली नागरिकले तपसिलको बन्देज तथा शर्तहरुको अधीनमा रही लिखु तामाकोशी गाउँपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-३ बमोजिमको ढाँचा (लिखु तामाकोशी गाउँपालिकाको वेवसाइट www.likhutamakoshimun.gov.np मा विद्युतीय सुशासन सेवा नमूना फारामहरुको प्राविधिक पदपूर्तिका लागि दरखास्त फाराम पिडिएफ डाउनलोड गरी) मा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (१५ औं दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) रीतपूर्वक दरखास्त आवेदन पेश गर्नं हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद/तह | छनौट परीक्षाको किसिम | माग पद संख्या |
|---|---|---|---|---|
| १. | ०१/२०८०/०८१ | सूचना प्रविधि अधिकृत (IT Officer) | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता | १ (एक जना) |

**शर्तहरु:**

१. **आवेदन दिने स्थान:**– लिखु तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछाप वा ष्पिजगतकबपयकजष्२न्कबर्ष.अक मा आवश्यक सम्पूर्ण कागजात स्कान गरी दरखास्त आवेदन पेश गर्न सकिनेछ ।

२. **आवेदन दस्तुर:**– रु.१०००।- -अक्षरुपी एक हजार मात्र)

३. **आवेदन दस्तुर बुझाउने स्थान:**– नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि., लिखु तामाकोशी शाखा खाता नं. ग १.१ आन्तरिक राजस्व खाता ०७००१४००२५००१६ मा नगद जम्मा गरी वा कार्यालयमा आई आवेदन दस्तुर दाखिला गरेको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नं पर्नेछ ।

४. **शैक्षिक योग्यता:**– लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्प्युटर वा Information Technologies वा सो सरहको विषयहरुमध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSCIT, BSCCSIT) उत्तीर्ण गरेको ।

५. **उमेर:**– पुरुष उम्मेदवारको हकमा २१ वर्ष उमेर पूरा भई ३५ वर्ष उमेर ननाघेको र महिला उम्मेदवारको हकमा २१ वर्ष उमेर पूरा भई ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ ।

६. **करार सेवा अवधि:**– करार सम्झौताको मितिदेखि ६ -छ) महिनासम्म । -प्रत्येक ६/६ महिनामा करार म्याद थप हुन सक्नेछ) ।

७. **दरखास्त फाराम र बुझाउने स्थान:**– दरखास्त फाराम गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछाप वा गाउँपालिकाको वेवसाइट likhutamakoshi@gmail.com बाट डाउनलोड गरी सम्पूर्ण विवरण भरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. **तलब/सेवा सुविधा:**– प्रचलित कानुन बमोजिम गाउँ कार्यपालिकाले तोके बमोजिम ।

९. **काम गर्नु पर्ने स्थान:**– लिखु तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछाप ।

१०. **छनौट परीक्षा मिति, समय र स्थान:**– दरखास्त आवेदन पेश गर्ने अन्तिम दिनको भोलिपल्ट १६ औं दिन कार्यालय समयमा फोन मार्फत जानकारी गराइनेछ । (दरखास्त फाराममा सम्पर्क नं. अनिवार्य राख्नु पर्नेछ ।)

११. माथि उल्लेखित रीतपूर्वक पेश हुन नआएका दरखास्त आवेदन उपर कुनै कारवाही हुने छैन ।

१२. अन्य केही थप जानकारीका लागि ९८४३०२२३० मा कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**दरखास्त आवेदन साथ पेश गर्न पर्ने कागजातहरु:-**

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

२. शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपि

३. कार्य अनुभव प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

**द्रष्टव्य:**– छनौट परीक्षा अन्तर्वार्तामा सहभागी हुँदा दरखास्त आवेदन साथ पेश गर्नु पर्ने सम्पूर्ण कागजातको सक्कल प्रमाण पत्र साथमै लिएर उपस्थित हुनु पर्नेछ । अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TANAREEFA INTERNATIONAL CONTRACTING AND TRANSPORT

पूर्व स्वीकृति मिति: २०८०/१०/२६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 299774 चलानी नं. ६०२१४६९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 1 | 0 | 1200 | ४३,७३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 10 | 0 | 2500 | ९१,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GARDINIA BUILDING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति २०८०/०१/२४ LT. No. 304217 चलानी नं. ६०२१८९३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 65 | 0 | 1200 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 100 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 3 | Electrician | 20 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 4 | Pipe Fitter | 20 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 5 | Plumber | 20 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 6 | Scaffolder | 45 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 7 | Steel Fixer | 100 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 8 | Telecommunication Assistant | 50 | 0 | 2000 | ४३,६६५ | | | | | | | |
| 9 | Tile Layer | 80 | 0 | 1200 | ४३,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NICE SWEET EST FOR SWEETS

पूर्व स्वीकृति मिति २०८१/०१/२३ LT. No.304247 चलानी नं. ६०२१९०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SALAD DOSES COMPANY FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८१/०१/२४ LT. No.304308 चलानी नं. ६०२१९०४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 6 | 0 | 1100 | ४०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Amal Overseas Pvt. Ltd.
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SARAH FAHD BIN ALI AL DOSSARY EQUIPMENT RENTAL EST

पूर्व स्वीकृति मिति २०८०/०९/२९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 298015 चलानी नं. ६०२१३३६९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,३४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electric Buildings | 1 | 0 | 1200 | ४२,४१५ | | | | | | | |
| 3 | Scaffolding Erector | 1 | 0 | 1200 | ४२,४१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ७ गते (20th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HIAP SENG ENGINEERING LIMITED FZC

पूर्व स्वीकृति मिति २०८१/०१/२४ LT. No. : 304222 चलानी नं. ६०२१९०६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fitter | 30 | 0 | 1200 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Grinder | 30 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 3 | Helper | 30 | 0 | 800 | २९,११० | | | | | | | |
| 4 | Painter & Blaster | 30 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 5 | Welder | 30 | 0 | 1200 | ४३,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Access Partners Nepal Pvt. Ltd.
Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

प्रभाव दैनिक

## रूपशाला



### नम्रतासँग यस्तो छ जीवनको 'कल कल मुया'

गायक दिपक लभको रोमान्टिक डान्सिङ गीत 'कल कल मुया' सार्वजनिक भएको छ। राजन रूमानीको शब्द तुलाधर दर्नालको संगीत रहेको गीतमा राहुल विश्वकर्माको एरेन्ज रहेको छ। गीतमा आफुलाई मनपरेको युवतीको क्रियाकलापले आफुलाई उनी प्रति नभएको एक युवाले राखेको छ। गीतको भावमै भिडियोका कथा बुनिएको छ। भिडियोमा अभिनेत्री नम्रता सापकोटा र जीवन कुमार ज्ञावलीको जोडी देख्न सकिन्छ। भिडियोमा तिम्रो भएन भर भन्दै जीवन नम्रताकोपछि लागेको देखाइएको छ।



# प्रकाश सपुत : गायकदेखि चलचित्र निर्देशकसम्म

**गण्डकी–** गायन तथा अभिनयमा रमाइरहेका कलाकार प्रकाश सपुत पछिल्लो समय चलचित्र निर्माण र निर्देशनमा होमिएका छन्। निर्देशकका रूपमा सपुतले आइतबार आफ्नो पहिलो चलचित्र 'वसन्त' निर्माणको घोषणा गर्नुभयो। काठमाडौँमा आयोजित एक समारोहबीच चलचित्रको शीर्षक भिडियो सार्वजनिक गरियो।

सपुत नारायण रायमाझीद्वारा निर्देशित चलचित्र 'परेदशी २' बाट अभिनेताका रूपमा उदाएका थिए। 'वसन्त'मा पनि उहाँ आफै मुख्य पात्रका रूपमा देखिँदै छन्। 'परदेशी २'को अनुभव र दर्शकबाट पाएको विश्वासले चलचित्र निर्माण र निर्देशनमा आँट दिलाएको सपुतले बताए। चलचित्र निर्देशनलाई उनले आफ्नो अर्को सपना भएको रूपमा अर्थ्याए।

गायनमा प्रवेश गर्दाताका नै सपुतले चलचित्रमा अभिनेता बन्ने सपना रहेको सुनाउँथे। गायनसँगै म्यूजिक भिडियोको अभिनय र नृत्यमा पनि सपुतलाई दर्शकले रुचाएका थिए। 'अभिनेताका रूपमा 'परदेशी २'लाई मैले परीक्षाका रूपमा लिएको थिएँ, निर्देशकीय हिसाबले 'वसन्त' अर्को परीक्षा हो', सपुतले भने, 'पहिलेदेखि सँगालेको सपना पूरा गर्न पाउँदा उत्तिकै उत्साहित पनि छु।'

चलचित्र 'वसन्त' आफ्नो पुस्ताले बाँचेको समयको कथामा आधारित रहेको उनले सुनाए। 'चलचित्रमा दर्शकले आफ्नै गाउँठाउँको कथा पाउनेहुनेछ, यसमा नेपालीपन छ, लवज छ, मौलिक सङ्गीत छ', सपुतले भने, 'चलचित्रले हाम्रै समयको कथा भन्छ, सामाजिक विषयवस्तु यसमा मुखरित छ।' चलचित्रमा आफ्नै जन्मथलो बागलुङको धम्जा गाउँको परिवश र कथावस्तु चित्रित हुने उनको भनाइ छ।

सपुतले आफ्नो भोगाइ र अनुभवलाई चलचित्रको कथामा ढालेको बताए। विश्वकर्मा समुदायको युवकले लेखक बन्ने सपना पूरा गर्न गरेको सङ्घर्ष र उसको प्रेमकथालाई चलचित्रमा देखाउन खोजिएको सपुतले सुनाए। 'मैले गायकका रूपमा जुन परिचय बनाएको छु, त्यसको सफलताको भारी कहीँ न कहीँ मेरो चलचित्र निर्माण, निर्देशन र अभिनयमा पनि जोडिन्छ', उनले भने, 'यो मेरा लागि अवसर र चुनौती दुवै हो, बाँकी त दर्शकको हातमा छ।' कथा, सङ्गीत, निर्देशन, पात्र र चरित्र निर्वाहका दृष्टिले चलचित्रमा नेपालीपन दिन खोजिएको उनको भनाइ छ।

चलचित्रमा 'वसन्त' पात्रका रूपमा सपुत स्वयंको मुख्य भूमिका रहेको छ। अर्को मुख्य पात्र 'शान्ति'का रूपमा अभिनेत्री स्वस्तिमा खड्का छन्। चलचित्रमा अनुप बराल, प्रकाश घिमिरे, कमलमणि नेपाललगायतको अभिनय रहनेछ।

गलबन्दी प्रोडक्सनको ब्यानरमा बन्ने उक्त चलचित्र आउँदो वसन्त याममा प्रदर्शनमा आउने सपुतले जानकारी दिए। 'आउँदो चतै दसैं र नयाँ वर्षको छेको पारेर चलचित्र प्रदर्शन ल्याउने तयारीमा छौं', उनले भने। चलचित्रको कथा र सङ्गीत पनि सपुत आफैले तयार पारेका हुन्। चलचित्रको सह-निर्देशन सुनिल विकले गर्ने जनाइएको छ। चलचित्रको कार्यकारी निर्मातामा मोहन विश्वकर्मा, अनुरोध भट्टराई र नेन्सी शेरचन रहेका छन्।

बागलुङको काठेखोला गाउँपालिका-३ धम्जामा जन्मनुभएका सपुतका 'गलबन्दी', 'बोलमाया', 'पिर', 'सकम्बरी', 'दमाइ महाराज', 'बदला बरिलै', 'कुरा बुझ्नुपर्छ'लगायत गीत चर्चित छन्। सामाजिक मुद्दालाई सिर्जनामा मुखरित गर्न पारङ्गत उनी गीतमा कथानकको प्रयोग गर्न सक्ने स्रष्टाका हिसाबले पनि चिनिन्छन्। सपुतका कतिपय रचनालाई लिएर सार्वजनिक विवाद र बहससमेत हुने गरेको छ।



विसं २०६९ मा 'मुसुमुस नहाँस मायाले' बोलको लोकदोहोरी गीतबाट साङ्गीतिक यात्रा तय गरेका सपुत अहिलेका सर्वाधिक सफल कलाकारका रूपमा चिनिन्छन्। मौलिक गीत 'गलबन्दी'बाट चर्चाको उचाइमा पुगेका उनका गीतका म्यूजिक भिडियोले युट्युबमा करोडौं 'भ्यूज' पाएका छन्। साङ्गीतिक यात्राका क्रममा देशविदेशका कार्यक्रममा पुग्न भ्याइनभ्याइ नहुने सपुतलाई चलचित्र लेखन, निर्माण तथा निर्देशन कत्तिको फाप्ने हो त्यसका लागि भने आउँदो वसन्तु ॠतु कुर्नैपर्छ। *रासस*

## रंगशाला

# टी-२० विश्वकपमा आतंकवादी हमलाको धम्की

■ प्रभाव संवाददाता

**काठमाडौं–** पाकिस्तान-अफगानिस्तानमा सक्रिय आतंकवादी संगठन आइएस खोरासानले टी-२० विश्वकपको समयमा आतङ्ककारी हमला गर्ने धम्की दिएको छ। त्रिनिदाद र टोबागोका प्रधानमन्त्री किथ राउलीले आतंकवादी संगठनले वेस्ट इन्डिज लगायत धेरै देशहरूमा भिडियो सन्देश पठाएको बताएका हुन्।

टी-२० विश्वकप जुन २ देखि जुन २९ सम्म वेस्ट इन्डिज र अमेरिकामा हुनेछ। इस्लामिक स्टेट समर्थक मिडियाले धेरै देशहरूमा खेलकुद कार्यक्रमहरूमा हिंसाको धम्की दिएको छ। आईएस खोरासानको अफगानिस्तान-पाकिस्तान शाखाले प्रचार च्यानल नसीर-ए-पाकिस्तान मार्फत भिडियो सन्देश जारी गरेको छ। यसमा यी देशहरूमा भएका आक्रमणहरूलाई समर्थन गर्न समर्थकहरूलाई अपील गरिएको छ।

क्रिकेट वेस्ट इन्डिजका सीईओ जोनी ग्रेभ्सले अधिकारीहरूसँग नजिकबाट काम गरिरहेको र आयोजक देश र शहरहरू विश्व कपभरि निरन्तर निगरानीमा रहेर कुनै पनि सम्भावित खतराहरूको सामना गर्न तयार रहेको बताएका छन्।




वेस्ट इन्डिजमा विश्वकपका खेलहरू एन्टिगुवा र बार्बुडा, बार्बाडोस, गुयाना, सेन्ट लुसिया, सेन्ट भिन्सेन्ट, ग्रेनाडाइन्स, ट्रिनिडाड र टोबागोमा हुनेछन्। अमेरिकामा फ्लोरिडा, न्यूयोर्क र टेक्सासमा खेल हुनेछन्। रिपोर्टका अनुसार अमेरिकामा जारी विश्वकपका क्रममा आक्रमणको खतराबारे अहिलेसम्म कुनै जानकारी आएको छैन।

# बागमती र गोकर्णेश्वरको उत्कृष्ट प्रदर्शन

**काठमाडौं (प्रस)–** गोकर्णेश्वर नगरपालिका समूहमा शीर्ष स्थानसहित 'प्रथम प्रज्ञा स्मृति बागमती प्रदेशस्तरीय अन्तरपालिका भलिबल प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गरेको छ। दोस्रो चरणमा प्रवेश गर्ने क्रममा गोकर्णेश्वरले लिखु तामाकोशी गाउँपालिकालाई २५-२०, २५-१६ र बेथानचोक गाउँ पालिकालाई २५-१७, २५-१९ अंकले हरायो।

समूहमा समान दुई जितसहित माडी नगरपालिकाले गोकर्णेश्वरलाई पछ्याइरहेको छ। माडी र गोकर्णेश्वरले समान प्रतिद्वन्द्वीलाई हराए पनि गोकर्णेश्वरले दुवै खेल सोझो सेटमा तथा माडीले अन्तिम सेटमा जितेका हुन्। अर्को समूहमा मकवानपुरको बागमती गाउँपालिका बलियो अवस्थामा छ। बागमतीले समूहमा रहेका खाँडादेवी गाउँपालिका र पनौती नगरपालिकालाई हराएको हो। पनौतीले तीनवटै खेलमा पराजयको सामना गरेको छ। खाँडादेवी गाउँपालिकाले पनि दुई जित हात पारेको छ।। खाँडादेवीले तारकेश्वर नगरपालिका र पनौतीलाई हराएको हो। उक्त समूहमा बागमती र खाँडादेवी बलियो अवस्थामा छन्। थाहा नगरपालिका पनि दोस्रो चरणको नजिक पुगेको छ।

थाहा नगरपालिकाले समूहको दुवै खेलमा जित हात पारेको हो। उक्त समूहमा रहेको घरेलु टोली महाकाल 'बी' दुवै खेलमा पराजित भएको छ। उक्त समूहमा रहेका ह्याड्ले गाउँपालिका र भरतपुर नगरपालिकाले एक-एक जित हात पारेका छन्। हेटौडा महानगरपालिकाले भने दुई जित हात पारेको छ। उक्त समूहमा रहेका जुगल गाउँपालिका र महाकाल गाउँपालिकाले समान एक-एक जित हात पारेका छन्।

# सहारा क्लबलाई वर्ष उत्कृष्ट खेल संघ अवार्ड

■ प्रभाव संवाददाता

**कास्की–** फुटबल एकेडेमी र प्रतियोगिता सञ्चालन गरी फुटबल खेल विकासमा क्रियाशील पोखराको सहारा क्लबलाई यस वर्षको उत्कृष्ट खेलकुद सङ्घको अवार्ड प्रदान गरिने भएको छ। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले यही वैशाख २८ गते पोखरा सभागृहमा आयोजना गरेको आठौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड-२०८० 'मा सहारालाई सो अवार्ड प्रदान गर्ने निर्णय गरिएको मञ्चले जनाएको छ।

छैटौं सस्करणसम्म यस विधाअन्तर्गतको अवार्ड खेलसम्बन्धी सङ्घलाई मात्र प्रदान गरिँदै आएकामा सातौं संस्करणदेखि खेल सङ्घ वा क्लबमध्येबाट उत्कृष्ट छान्ने व्यवस्था गरिएको थियो। यो अवार्ड पाउने सहारा पहिलो क्लब बन्न सफल भएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए। विसं २०५५ भदौमा 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सामाजिक सेवामा सेवा गरौं' भन्ने नाराका साथ स्थापित क्लब स्वदेशसँगै विदेशसम्म फैलिएको छ।

स्थापनादेखि उक्त क्लबले निरन्तर खेलकुद र सामाजिक कार्यमा क्रियाशील रहँदै आएको छ। विसं २०५६ मा पृथ्वीचोकमा सार्वजनिक शौचालय निर्माण गरेर सामाजिक कार्यको सुरुआत गरेको क्लबले विसं २०५७ मा 'सहारा कप' क्लब स्तरीय 'लिग कम नकआउट फुटबल' प्रतियोगिता सञ्चालन गरेको थियो। विसं २०५८ मा 'क्याराभान गोल्डकप फुटबल' प्रतियोगिता आयोजना गरेको क्लबले त्यसपछि प्रत्येक वर्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा रारा गोल्डकप फुटबल प्रतियोगिता आयोजना गरिरहेको छ। हालसम्म २३औं संस्करण सम्पन्न भइसकेको छ।

पोखरा तथा यस आसपासमा फुटबल खेलतर्फको रौनकता बढाउन यो प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्दै आएको छ। असहज समयमा समेत यस प्रतियोतालाई निरन्तरता दिएकाले क्लबले फुटबल खेलको क्षेत्रमा अब्बल क्लबको रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ। सहाराले विसं २०६९ देखि सहारा फुटबल एकेडेमी सञ्चालन गर्दै आएको छ। एकेडेमीमार्फत क्लबले अनाथ तथा असाहय बालबालिकालाई पालनपोषणका साथमा फुटबल समेत सिकाउँदै आइरहेको छ। अवार्ड कार्यक्रममा वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लबसँगै, वर्ष उत्कृष्ट प्रशिक्षक, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष दीनानाथ बरालले जानकारी दिए।

यसैगरी मञ्चले सर्वोत्कृष्ट महिला र पुरुष विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै एक/एक थान टेलजी इलेक्ट्रिक स्कुटर प्रदान गर्ने जनाएको छ। साथै अन्य सबै विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै जनही रु ३५/३५ हजार प्रदान गरिने मञ्चले जनाएको छ।


## कतार/ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAST BUILDER CONSTRUCTION

पुर्व स्वीकृति मिति २०८०/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ | LT. No. 301717 | चलानी नं. ६०२०१२९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५४,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1300 | ४७,३७० | | | | | | | |
| 3 | Painter | 2 | 0 | 1500 | ५४,६५५ | | | | | | | |

कम्पनी : AL KIYUMI ENERGY

पुर्व स्वीकृति मिति २०८१/०१/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ | LT. No. 303506 | चलानी नं. ६०२१८३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 1 | 0 | 120 | ४१,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 120 | ४१,७६५ | | | | | | | |
| 3 | Stone Mason | 1 | 0 | 120 | ४१,७६५ | | | | | | | |
| 4 | Tile Layer | 1 | 0 | 120 | ४१,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**

श्रम ईजाजत नं. ३११/०५९/०६०

वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

## SAUDI/CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TURKI OMAR AL SHAGHAR ADVERTISING COMPANY

पुर्व स्वीकृति मिति २०८१/०१/२३ | LT. No. 304285 | चलानी नं. ६०२१९०३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SA.GI.AN MANPOWER LIMITED (LIC. NO: 224)

पुर्व स्वीकृति मिति: २०८०/०१/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ | LT. No. :285652 | चलानी नं. ६०२०१२६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 900 | १२८,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Domestic Worker | 0 | 5 | 314 | ४४,९०५ | | | | | | | |
| 3 | Housekeeping | 0 | 2 | 600 | ८५,७०५ | | | | | | | |
| 4 | Labourer (Agriculture) | 0 | 4 | 455 | ६५,०७० | | | | | | | |
| 5 | Waiter/waitress | 2 | 2 | 600 | ८५,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**All Asia Overseas Pvt.Ltd**

श्रम ईजाजत नं. १३०५/०७४/०७५

Ratopul, Gaushala-7, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAHD DHAWI EID AL HARBI CONTRACTING EST

पुर्व स्वीकृति मिति २०८१/०१/२३ | LT. No. 304129 | चलानी नं. ६०२१९०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Target Consultant Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GUARDIAN SECURITY CONSULTANTS SDN BHD

पुर्व स्वीकृति मिति २०९१/०१/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ | LT. No. 303907 | चलानी नं. ६०२१९०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 55 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SWIFT H.R. SOLUTION PVT. LTD.**

श्रम ईजाजत नं. ११९७/०७३/०७४

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820

Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAWNAK AL - MAZAK FOUNDATION FOR SERVING BEVERAGES

पुर्व स्वीकृति मिति २०८१/०१/२१ | LT. No. : 304060 | चलानी नं.: ६०२१९०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1200 | ४२,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SUHASHA LINK PVT. LTD.**

License No. : 333/059/60

Samakhusi-14, Tokha, Kathmandu, Nepal

Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

Tel: 01 4982668, 4962338, Fax: 01-4362338

# भारी वर्षाका कारण भारतको मणिपुरमा विद्यालय बन्द

**नयाँ दिल्ली-** भारतको उत्तरपूर्वी राज्य मणिपुरमा भारी वर्षा र चटचाङसहितको खराब मौसमका कारण विद्यालय र कलेजसहित सबै शैक्षिक संस्था मंगलबारसम्म बन्द रहने राज्यका मुख्यमन्त्री एन बिरेनले बताएका छन् । राज्यमा विगत दुई दिनदेखि विशेषगरी आइतबारदेखि परेको अविरल वर्षाले स्थानीयवासीको जनजीवन प्रभावित भएको छ ।

इम्फाल पश्चिम क्षेत्रको काञ्चिपुर र तेरालगायत राज्यका विभिन्न भागमा असिनाले जस्ताको छानामा प्वाल परेकोले धेरै घर र सवारीसाधनमा क्षति पुगेको द हिन्दू अखबारले रिपोर्ट गरेको छ । इम्फाल पश्चिम जिल्ला उत्तरपूर्वी भारतको मणिपुर राज्यको १६ जिल्लामध्ये एक हो । यो राज्यको सबैभन्दा जनसंख्या भएको जिल्लासमेत हो ।

राज्यमा विद्यमान मौसमी अवस्थाका कारण सोमबार र मंगलबार सबै स्कुल र कलेजहरू बन्द रहने जनाइएको छ । वर्तमान मौसम अवस्थाले निम्त्याउने जोखिमविरुद्ध सावधानीका रूपमा यो निर्णय लिइएको मुख्यमन्त्रीले सामाजिक सञ्जालमार्फत जानकारी दिए ।

उनले सबैलाई अपडेट रहन र घरभित्र सुरक्षित रहन आग्रह गर्दै राज्य सरकारले जीवन र सम्पत्तिको रक्षा गर्न र प्रभावितलाई सहयोग गर्न सबै आवश्यक उपायहरू गरिरहेको बताए । यसैबीच भारतका केही भूभाग विशेषगरी पूर्वी, दक्षिणी र मध्य क्षेत्रमा तापक्रम ४५ डिग्री सेल्सियससम्म पुगेको छ । *रासस/सिन्ह्वा*

# अफगानिस्तानमा वर्षा र बाढीले १४ जनाको ज्यान लियो

काबुल- अफगानिस्तानमा भारी वर्षापछिको बाढीले १४ जनाको ज्यान लिनुका साथै व्यापक विनास भएको विपद् व्यवस्थापन मामिला राज्य मन्त्रालयलाई उद्धृत गर्दै टोलो न्युजले जनाएको छ । मन्त्रालयका प्रवक्ता जनान साइकका अनुसार १४ प्रान्तमा वर्षाका कारण १४० आवासीय घरहरू क्षतिग्रस्त भएका छन् भने दुई हजारभन्दा बढी गाईवस्तुको मृत्यु भएको छ ।

टोलो न्युजका अनुसार विगत तीन दिनमा वर्षाका कारण लगभग १४ जना नागरिकको मृत्यु भएको छ भने एक जना बेपत्ता छन् । बाढीले आवासीय घरहरू पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । यसैबीच, सार्वजनिक निर्माण मन्त्रालयका प्रवक्ता मोहम्मद अशरफ हक्कसेनसले अफगानिस्तानका बदख्सान, तखर, घोर र नुरिस्तान प्रान्तका केही सडकहरू भूस्खलन र बाढीका कारण अस्थायी रूपमा अवरुद्ध भएको बताएका छन् ।

'बाढी र भूस्खलनका कारण अस्थायी रूपमा बन्द गरिएका तखर, बदख्सान, घोर र नुरिस्तान प्रान्तका धेरैवटा सडकहरू खुलाउने काम भइरहेको छ,' उनले बताए । निरन्तरको भारी वर्षाको कारण स्थानीयबासीको धेरै नोक्सानी भएको छ ।

बाढीमा परेर बालबालिकाको मृत्यु भएको, जमिन र पुलहरू नष्ट भएको फराह प्रान्तका एक बासिन्दाले जनाए । बाढीबाट भएको जनधनको क्षतिलाई तत्काल सम्बोधन गर्न सरकारसमक्ष स्थानीयवासीले आग्रह गरेका छन् । *रासस/एएनआई*

# पूर्वी रफाहका बासिन्दालाई तत्काल खाली गर्न सूचना जारी

## एक लाख मानिसलाई सुरक्षित स्थानमा सारियो

**जेरुसेलम-** इजरायली सेनाले सोमबार दक्षिणी सहर गाजामा सम्भावित स्थलगत आक्रमण हुनुअघि पूर्वी रफाहबाट करिब एक लाख मानिसलाई सुरक्षितरूपमा स्थानान्तरण गर्न थालिएको बताएको छ । कति मानिसलाई बाहिर निकालिएको छ भनेर सोध्दा एकजना सैन्य प्रवक्ताले पत्रकारहरूलाई भने, 'करिब एक लाख मानिस छन् ।'

विश्व स्वास्थ्य संगठनका अनुसार हाल करिब १२ लाख मानिस रफाहमा शरण लिइरहेका छन् । तीमध्ये अधिकांश इजरायल र हमास प्यालेस्टिनी लडाकूहरूबीच सात महिनाको युद्धका क्रममा गाजाको अन्य ठाउँबाट भागेका थिए ।

यसैबीच देशका रक्षामन्त्रीको तीव्र कारबाहीको चेतावनीपछि इजरायली सेनाले पूर्वी रफाहका बासिन्दाहरूलाई तत्काल खाली गर्न सूचना जारी गरेको सिएनएनले जनाएको छ । आइडिएफ प्रवक्ता एकाइको अरब मिडिया डिभिजनका प्रमुख अविचाय अद्राईले बासिन्दाहरूलाई उनीहरूको सुरक्षाका लागि तोकिएको मानवीय क्षेत्रहरूमा 'तुरुन्त खाली' गर्न आग्रह गरे । सूचनाले विशेषगरी अल-शौका नगरपालिका र रफाह क्षेत्रका अल-सलाम, अल-जिनेना, टिबा जारा र अल-बायुकका छिमेकमा बस्ने व्यक्तिहरूलाई लक्षित गर्दछ ।

गाजामा चलिरहेको बमबारीका बीच यो घोषणा आएको हो । अक्टोबर ७ देखि गाजा क्षेत्रममा उल्लेखनीय विनास भएको छ । पहिला नै धेरैपटक विस्थापित भइसकेका रफाहका धेरै बासिन्दाहरूले द्वन्द्वका बीचमा थप विस्थापनको सम्भावनाको सामना गरिरहेको सिएनएनले रिपोर्ट गरेको छ ।

मानवीय एजेन्सीहरूले राफाहको पूर्णस्तरको भूमि आक्रमणविरूद्ध चेतावनी दिएका छन् । उनीहरूले सहर र वरपरका १२ लाख विस्थापित प्यालेस्टिनीको पीडा र हताहतको पनि चेतावनी दिएका छन् । पहिलेदेखि नै गम्भीर अनिकालको सामना गरिरहेको उत्तरी गाजा महिनौंको द्वन्द्वले विचलित भएको विश्व खाद्य कार्यक्रमले स्पष्ट पारेको छ ।

आइडिएफका अन्तर्राष्ट्रिय प्रवक्ता कोलोनेल नदाव सोसानीले निकासीलाई व्यापक निकासीको सट्टा अस्थायी स्थानान्तरणको उद्देश्यले 'सीमित स्कोप अपरेसन' का रूपमा अघि बढेको बताए । इजरायली रक्षामन्त्री योव गालान्टले गाजाभित्रका सैनिकहरूलाई दिएको टिप्पणीले रफाह र अन्य क्षेत्रमा तीव्र सैन्य कारबाहीको तयारी भएको संकेत गर्दछ ।

हमासको सैन्य शाखाले दाबी गरेको रकेट आक्रमणपछि मानवीय सहायताका लागि महत्त्वपूर्ण शालोम सीमा क्रसिङ बन्द भएपछि आइडिएफका सैनिकहरू हताहत भएका छन् । पूर्वी रफाह खाली गर्ने निर्णयले विस्थापित नागरिकहरूको सुरक्षा र गाजाभित्र सुरक्षित आश्रयको अभावबारे चिन्ता उत्पन्न गरेको छ ।

सिएनएनका अनुसार निकासी आदेशको अन्तर्राष्ट्रिय निकाय र मानवीय संस्थाहरूबाट आलोचना भएको छ । यसमा जारी द्वन्द्वकाबीच सुरक्षित आश्रयको अभावलाई जोड दिइएको छ । *रासस/ सिन्ह्वा*


## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARTINSON & COMPANY LTD

पूर्व स्वीकृति मिति २०८०/१०/०७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२४ LT. No. 298287 चलानी नं. ६०२१३४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason/Tiles Mason/Carpenter/Steel Fixture | 35 | 0 | 16000 | ४६,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १ गते (14th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424

Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

आयात भएको देहाय बमोजिमका मालवस्तुहरूको **आर्थिक वर्ष २०८१/८२** का लागि यस कम्पनीबाट अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम निर्धारण भएको व्यहोराको जानकारीका लागि यो मूल्यसूची प्रकाशन गरिएको छ ।

**MRP Reagent Price for ST-200 Aqua Electrolyte Analyser**

| S.N. | Items | Unit | MRP (NPR) |
|---|---|---|---|
| 1 | Reagent Pack | Pack | 42,000.00 |
| 2 | Cleaner Combo Pack (Vials) | 1 Box | 18,000.00 |
| 3 | QC (Vials) | 1 Box | 18,000.00 |
| 4 | Urine Diluent 250ml | Bottle | 10,000.00 |
| 5 | Electrode | 1 Unit | 45,000.00 |

13% VAT is extra applicable as per Govt. Regulation

**MRP Reagents Rate for MediLyte-40i Fully Automatic Electrolyte Analyzer**

| S. N. | DESCRIPTION | Unit | Qty | MRP (NPR) |
|---|---|---|---|---|
| 1 | Reagent Pack (K-lite8 Calibration Std.Soln.) | Pack | 1 | 45,000 |
| 2 | Probe Cleaner 5ml | Vial | 1 | 8,500 |
| 3 | Deproteinize (2ml*3) | Set | 1 | 10,500 |
| 4 | Conditioning Solution (0.8 ml*5) | Set | 1 | 10,500 |
| 5 | Quality Control (3 Level) | Box | 1 | 10,500 |
| 6 | Refilling for Reference Electrode/ISE Electrode | Set | 1 | 38,000 |
| 7 | Electrode | Set | 1 | 53,000 |

13% VAT is extra applicable as per Govt. Regulation

**AUTOBIO A1000 REAGENTS & CONSUMABLES**

| Reference Number | Product Name | Pack Size | MRP (NPR) |
|---|---|---|---|
| CMB0102 | AFP CLIA Microparticles | 100T | 43000 |
| CMB0202 | CEA CLIA Microparticles | 100T | 43000 |
| CMB0302 | tPSA CLIA Microparticles | 100T | 43000 |
| CMB0402 | CA50 CLIA Microparticles | 100T | 43000 |
| CMB0502 | fPSA CLIA Microparticles | 100T | 43000 |
| CMB0602 | CA125 CLIA Microparticles | 100T | 43000 |
| CMB0702 | CA15-3 CLIA Microparticles | 100T | 43000 |
| CMB0802 | CA19-9 CLIA Microparticles | 100T | 43000 |
| CMB0902 | Ferritin CLIA Microparticles | 100T | 41000 |
| CMB1002 | ß2-Microglobulin CLIA Microparticles | 100T | 38000 |
| CMB1102 | NSE CLIA Microparticles | 100T | 43000 |
| CMB1202 | Cyfra 21-1 CLIA Microparticles | 100T | 43000 |
| CMB1302 | SCCA CLIA Microparticles | 100T | 45000 |
| CMB1402 | CA72-4 CLIA Microparticles | 100T | 43000 |
| CMC0102 | HBsAg CLIA Microparticles | 100T | 26000 |
| CMC0202 | Anti-HBs CLIA Microparticles | 100T | 28000 |
| CMC0302 | HBeAg CLIA Microparticles | 100T | 28000 |
| CMC0402 | Anti-HBe CLIA Microparticles | 100T | 28000 |
| CMC0502 | Anti-HBc CLIA Microparticles | 100T | 28000 |
| CMC0602 | Anti-HCV CLIA Microparticles | 100T | 26500 |
| CMC0702 | Anti-HAV IgM CLIA Microparticles | 100T | 32000 |
| CMC0802 | HBV PreS1-Ag CLIA Microparticles | 100T | 32000 |
| CMC0902 | Anti-HBc IgM CLIA Microparticles | 100T | 33000 |
| CMC1002 | Anti-HEV IgM CLIA Microparticles | 100T | 32000 |
| CMC1102 | Anti-HEV IgG CLIA Microparticles | 100T | 32000 |
| CMJ0202 | Anti-TP CLIA Microparticles | 100T | 33000 |
| CMJ0102 | Anti-HIV CLIA Microparticles | 100T | 36500 |
| CMK0102 | Toxo IgM CLIA Microparticles | 100T | 35000 |
| CMK0202 | CMV IgM CLIA Microparticles | 100T | 35000 |
| CMK0302 | Rubella IgM CLIA Microparticles | 100T | 35000 |
| CMK0402 | HSV-1 IgM CLIA Microparticles | 100T | 35000 |
| CMK0502 | HSV-2 IgM CLIA Microparticles | 100T | 35000 |
| CMK0602 | Toxo IgG CLIA Microparticles | 100T | 35000 |
| CMK0702 | CMV IgG CLIA Microparticles | 100T | 35000 |
| CMK0802 | Rubella IgG CLIA Microparticles | 100T | 35000 |
| CMK0902 | HSV-1 IgG CLIA Microparticles | 100T | 35000 |
| CMK1002 | HSV-2 IgG CLIA Microparticles | 100T | 35000 |
| CMD0102 | Aldosterone CLIA Microparticles | 100T | 59000 |
| CMD0202 | ACTH CLIA Microparticles | 100T | 74500 |
| CMD0302 | Cortisol CLIA Microparticles | 100T | 40000 |
| CMD0402 | Renin CLIA Microparticles | 100T | 62000 |
| CMD0502 | Angiotensin II CLIA Microparticles | 100T | 62000 |
| CME0302 | TSH CLIA Microparticles | 100T | 13500 |
| CME0402 | FT3 CLIA Microparticles | 100T | 13500 |
| CME0502 | FT4 CLIA Microparticles | 100T | 13500 |
| | FT3 CLIA Microparticles | 500T | 67500 |
| | FT4 CLIA Microparticles | 500T | 67500 |
| | TSH CLIA Microparticles | 500T | 67500 |
| CME0602 | Anti-TG CLIA Microparticles | 100T | 36000 |
| CME0702 | Anti-TPO CLIA Microparticles | 100T | 36000 |
| CME0802 | TG CLIA Microparticles | 100T | 36000 |
| CME0902 | PTH CLIA Microparticles | 100T | 46000 |
| CMF0102 | LH CLIA Microparticles | 100T | 36000 |
| CMF0202 | FSH CLIA Microparticles | 100T | 36000 |
| CMF0302 | PRL CLIA Microparticles | 100T | 36000 |
| CMF0402 | Testosterone CLIA Microparticles | 100T | 36000 |
| CMF0502 | E2 CLIA Microparticles | 100T | 36000 |
| CMF0602 | PRG CLIA Microparticles | 100T | 36000 |
| CMG0102 | Insulin CLIA Microparticles | 100T | 66000 |
| CMG0202 | C-Peptide CLIA Microparticles | 100T | 66000 |
| CMH0102 | MYO CLIA Microparticles | 100T | 36000 |
| CMH0202 | cTnI CLIA Microparticles | 100T | 36000 |
| CMH0302 | CK-MB CLIA Microparticles | 100T | 29000 |
| CMH0402 | NT-proBNP CLIA Microparticles | 100T | 80000 |
| CML0102 | IGF-1 CLIA Microparticles | 100T | 77000 |
| CML0202 | HGH CLIA Microparticles | 100T | 77000 |
| CMM0102 | PIIINP CLIA Microparticles | 100T | 57000 |
| CMM0202 | Col Ⅳ CLIA Microparticles | 100T | 58000 |
| CMM0302 | LN CLIA Microparticles | 100T | 57500 |
| CMM0402 | HA CLIA Microparticles | 100T | 56500 |
| CMN0102 | f-β- HCG CLIA Microparticles | 100T | 39500 |
| CMN0202 | P-AFP CLIA Microparticles | 100T | 57000 |
| CMN0302 | β- HCG CLIA Microparticles | 100T | 56000 |
| CMN0402 | uE3 CLIA Microparticles | 100T | 70000 |
| CMN0502 | PAPP-A CLIA Microparticles | 100T | 155000 |
| CMR0102 | HS-CRP CLIA Microparticles | 100T | 32000 |
| | Total Ige | 100T | 37000 |
| CMR0202 | PCT CLIA Microparticles | 100T | 110000 |
| | FOLATE Microparticles | 100T | 48000 |
| | B12 Microparticles | 100T | 48000 |
| | VD Microparticles | 100T | 90000 |
| | B12 Microparticles | 500T | 240000 |
| | VD Microparticles | 500T | 450000 |
| | AMH Microparticles | 100T | 150000 |
| | TB IGRA | 28 T | 70000 |
| | Anti CCP | 100T | 90000 |
| | ANA | 100T | 95000 |
| | Anti dsDNA | 100T | 95000 |
| | Calibrator | **Set** | 5000 |
| | QC (All Levels) | **Set** | 10000 |

13% VAT Will be charged Extra

**Common Consumables**

| Reference Number | Product Name | Pack Size | MRP (NPR) |
|---|---|---|---|
| CM3001 | Chemiluminescent Substrate A | 110ml | 20000 |
| CM3001 | Chemiluminescent Substrate B | 110ml | 20000 |
| CM3002 | Diluent Universal | 250 ml | 16000 |
| CM3003 | Wash Buffer | 500 ml | 16000 |
| T1004-3 | System Wash | 25ml*12 vials | 30000 |
| CM00501 | Sample Cup | 500pcs | 14500 |
| T1004-1 | Reaction Vessel /Cuvette | 1000 pcs | 14500 |

13% VAT Will be charged Extra

**Axis Medibiz Pvt.Ltd.**

**Imadole, Lalitpur, Nepal, Corporate Office : Gairigaun, Tinkune, Kathmandu**


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १३५४०० | प्रति तोला – १३४७५० | प्रति तोला – १६४० |



**मौरी पालन** | दाङको घोराही उपमहानगरपालिका–१७ स्थित खिरट्टेमा भाडाको जगगामा दिपककुमार श्रेष्ठले वर्षायाममा मौरीलाई सुरक्षित राख्न तयार पारेको मौरीको घार । *तस्बिर : कुलदीप न्यौपाने/रासस*

# ‘महिला उद्यमशीलता प्रवर्द्धन गर्न बजेटले प्राथमिकता दिन्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटले महिला उद्यमशीलतालाई प्राथमिकतामा राख्ने जानकारी दिएका छन् । अर्थ मन्त्रालयमा महिला उद्यमी महासंघका पदाधिकारीसँगको पूर्वबजेट छलफलका क्रममा उनले उद्यमशीलता प्रवर्द्धन र आन्तरिक उत्पादकत्व बढाएर मात्रै मुलुकले आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भने । आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा महिला उद्यमी लक्षित सहुलियतपूर्ण व्यवस्थाहरू ल्याइने अर्थमन्त्री पुनको भनाइ छ ।

‘महिलाको आर्थिक अवस्था राम्रो भए छोरीहरूले अनिवार्य गुणस्तरीय शिक्षा पाउने अवस्था बन्छ । राम्रो शिक्षा भएपछि छोरीहरू आफैं आत्मनिर्भर बन्छन् । छोरीहरू आर्थिक रूपले अघि आउँदा मात्र राजनीति, प्रशासन, सामाजिक सेवा सबैतिर महिला अगाडि आउने वातावरण बन्छ’, अर्थमन्त्री पुनले



भने । मुलुकको समग्र विकास र समुन्नतिका लागि महिला आर्थिक रूपमा सक्षम हुन जरुरी रहेको उनको भनाइ छ ।

महिलाका नाममा घरजग्गा दर्ता गर्दा शुल्क छुट दिने सरकारको नीतिका कारण अहिले धेरै महिला सम्पत्तिको मालिक भएको उनले दाबी गरे । ‘अहिले २७ प्रतिशत महिलासँग सम्पत्ति भएकाले व्यवसाय गर्दा बैंकले ऋण पत्याउने अवस्था छ । पुरुषलाई सम्पत्ति धितो राखेर व्यवसाय गर्छु भन्ने अवस्था पर्याप्त छ । तर, कमै मात्र छोरीहरूको हातमा सम्पत्ति भएकाले ऋण लिएर व्यवसाय गर्ने अवस्था अझै छैन’, अर्थमन्त्री पुनले भने, ‘आगामी आर्थिक वर्षको बजेटमा हजारौं छोरीहरूलाई कसरी उद्यमी बनाउन सकिन्छ भन्ने विषयमा सोचिरहेको छु ।’

### करको दायरा परिवर्तन पारदर्शी हुनेछ

अर्थमन्त्री वर्षामान पुनले अबका दिनमा करका दर निर्धारण औचित्यपूर्ण हुने जनाएका छन् ।

लोकान्तर डट कमको आठौं वार्षिकोत्सवका अवसरमा आयोजित आर्थिक बहस कार्यक्रममा मन्त्री पुनले सरकारले राजस्व परामर्श समितिको सिफारिस र सरोकारवाको सुझावका आधारमा पारदर्शी रूपमा करको दायरा हेरफेर गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले विदेश जानेको संख्या घटेको र गएकालाई फर्काउन प्रयास भइरहेको बताए । विदेश गएकाबाट ज्ञान, सीप र पुँजी हस्तान्तरणको प्रक्रिया जारी रहेको बताउँदै उनले सूचना प्रविधिका क्षेत्रमा यस्को राम्रो उदाहरण देखिएको उल्लेख गरे । उनले आगामी बजेटमा जनतामा आशा जगाउने र युवालाई प्रोत्साहन हुने कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गरे । बहसमा नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेल, नेपाली कांग्रेसका नेता डा मीनेन्द्र रिजाल, गभर्नर महाप्रसाद अधिकारी, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाललगायत सहभागी थिए ।

# करदाता कार्यालयको राजस्व बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** करदाता सेवा कार्यालयहरूबाट संकलित हुने राजस्व गत आर्थिक वर्षको यही अवधिको तुलनामा यो वर्ष वृद्धि भएको छ ।

गत वर्ष चैत मसान्तसम्म १२ अर्ब १६ करोड राजस्व संकलन भएको थियो । यो वर्ष चैत मसान्तसम्म उक्त रकममा १.५३ प्रतिशतले वृद्धि भएको आन्तरिक राजस्व कार्यालयका महानिर्देशक शिवलाल तिवारीले जानकारी दिए । उनले चालु आर्थिक वर्षको बाँकी दुई महिनामा सो वृद्धिदर थप बढ्ने अनुमान गरे । देशभर ३९ वटा करदाता सेवा कार्यालय छन् । ती कार्यालयहरूले करदातालाई पायक पर्ने स्थानबाट आयकर, मुल्य अभिवृद्धिकर, अन्तशुल्क तथा शिक्षा र स्वास्थ्य क्षेत्रको कर संकलन गर्दै आएका छन् ।

यसैबीच आन्तरिक राजस्व कार्यालयले ३९ वटै करदाता सेवा कार्यालयका प्रमुखसहित कर्मचारीहरूको कार्यसम्पादन समीक्षा सम्पन्न गरेको छ । सबै कार्यालयका कर्मचारीसँग आफूले भर्चुअल माध्यमद्वारा कार्यसम्पादन समीक्षा गरेको जानकारी दिए । समीक्षामा उनले राजस्व निगरानी र करदाता सचेतना बढाउन निर्देशन दिए । तिवारीले अनुशासित भएर सरल र बिना झण्झट सेवा प्रवाह गर्न आग्रह गरे ।

## कर्पोरेट

### मुक्तिनाथ विकास, ग्रीण हाइड्रोजन ल्याब र काठमाडौं विश्वविद्यालयबीच सम्झौता



**काठमाडौं (प्रस)** – मुक्तिनाथ विकास बैंक लि.ले दिगो विकासमा टेवा पुग्ने उद्देश्यले ग्रीण हाइड्रोजन इन्धनका अनुसन्धानको लागि काठमाडौं विश्वविद्यालयसँग सहकार्य गरेको छ । एक कार्यक्रमबीच बैंकले काठमाडौं विश्वविधालय अन्तरगत रहेको ग्रीण हाइड्रोजन ल्याबलाई अनुसन्धानका लागि आर्थिक सहयोग गर्ने सम्झौतापत्रमा हस्ताक्षर गरेको छ ।

उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेल र काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. भोला थापा, ग्रीण हाइड्रोजन ल्याबका प्रमुख डा. बिराज सिंह थापा तथा दुबै संस्थानका अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो । हाल ग्रीण हाइड्रोजन ल्याबले ग्रीण हाइड्रोजन फर थर्मल हिटका लागि अनुसन्धान गर्ने छ । यस सहयोगहरूबाट मुक्तिनाथ विकास बैंकले नेपालमा रहेको प्राकृतिक स्रोतको असिमित सम्भावनाहरूलाई अनुसन्धान गर्ने मौका सँगै भविष्यमा नेपालको दिगो विकासमा पनि मद्दत पुग्ने विश्वास लिएको छ ।

### दैलेखको दुल्लुमा नबिल बैंकको शाखा

**दैलेख (प्रस)–** नबिल बैंक लिमिटेडले कर्णाली प्रदेशको दैलेख जिल्लामा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । नबिल बैंकले आफ्नो २६८ औं शाखाको रूपमा दैलेख जिल्लाको दुल्लू नगरपालिकामा शाखा विस्तार गरेको हो । यस विस्तारसँगै नबिल बैंक दुल्लू नगरपालिकाको पहिलो निजी क्षेत्रको बैंकका रूपमा सेवा दिन सफल भएको हो ।

दुल्लू नगरपालिका प्रमुख भरतप्रसाद रिजाल, नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत (डेपुटी सिइओ) मनोज ज्ञवाली, स्थानीय जनप्रतिनिधिहरू, स्थानीय उद्यमी व्यवसायी तथा सरोकारवालाहरूको उपस्थितिमा गत शुक्रबार दुल्लू शाखाको उद्घाटन गरिएको नबिल बैंकले जनाएको छ । देशको अग्रणी वाणिज्य बैंक नबिलले जनतामा वित्तीय पहुँच बढाउन विभिन्न ठाउँमा सेवा विस्तार गर्दै आएको छ ।

दुल्लू नगरपालिका प्रमुख रिजालले नबिल बैंकको शाखा सञ्चालनमा आएसँगै स्थानीयलाई वित्तीय सेवा लिन निकै सहयोग पुग्ने बताए । 'देशकै अग्रणी बैंकले हाम्रो नगरपालिकामा निजी क्षेत्रको पहिलो बैंकका रूपमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । यो निकै खुसीको कुरा हो । यहाँको जनताको वित्तीय पहुँच बढाउन र यहाँ उद्यम व्यवसाय विस्तार गर्न यस शाखाले ठुलो सहयोग पुग्ने विश्वास लिएको छु' रिजालले भने । नबिल बैंकका डेपुटी सिइओ ज्ञवालीले ऐतिहासिक महत्व बोकेको दुल्लु क्षेत्रमा नयाँ शाखा सञ्चालमा ल्याउन पाएको भन्दै खुसी व्यक्त गरे । डेपुटी सिइओ ज्ञवालीले बैंकले डिजिटल सेवाका साथै सम्पूर्ण सुविधा प्रदान गर्न प्रतिबद्ध रहेको बताए ।



नबिल बैंक नेपालको अग्रणी वाणिज्य बैंकहरू मध्ये एक हो । बैंकले देशभर २६८ शाखा सञ्जालसहित २२ वटा एक्सटेन्सन काउन्टर र ३१३ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ । नबिल बैंकले २२ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ ।

### एनआइसी एसियाद्वारा विभिन्न विद्यालयमा पुस्तकालय भवन निर्माण

**काठमाडौं (प्रस)–** एनआइसी एसिया बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मुलुकभरका विभिन्न जिल्लाका सामुदायिक विद्यालयहरूमा पुस्तकालय भवन निर्माण सम्पन्न गरी हस्तान्तरण समेत गरेको छ । विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्रीहरू उपलब्ध गराइ अध्ययन अध्यापनमा सहयोग गर्न र विद्यालयमा उत्कृष्ट शैक्षिक वातावरण निर्माणार्थ सम्बन्धित विद्यालय एवं स्थानीय तहको सक्रिय सहभागितामा बैंकले उक्त पुस्तकालय भवनहरू निर्माण गरेको हो ।

बैंकले सुदूरपश्चिम प्रदेशको कैलाली जिल्ला स्थित जोशीपुर गाउँपालिका-१ मा अवस्थित मोहन्याल माध्यमिक विद्यालय, मधेश प्रदेशको सिराहा जिल्ला स्थित भगवानपुर गाउँपालिका-१ मा अवस्थित बाला सुन्दरी माध्यमिक विद्यालय, कोशी प्रदेशको झापा जिल्ला स्थित बुद्धशान्ती गाउँपालिका-२ मा अवस्थित आदर्श माध्यमिक

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

विद्यालय र सोही जिल्लाको गौरीगञ्ज गाउँपालिका-३ मा अवस्थित गौरीगञ्ज माध्यमिक विद्यालय, गण्डकी प्रदेशको तनहु जिल्ला स्थित बन्दिपुर गाउँपालिका-१ मा अवस्थित पवित्रा माध्यमिक विद्यालयको पुस्तकालय भवन निर्माण कार्य सम्पन्न भएर पुस्तकालय स्थापनाको लागि बैंकले सम्बन्धित विद्यालयहरूलाई उक्त पुस्तकालय हस्तान्तरण गरिसकेको छ ।

त्यसैगरी, मधेश प्रदेशको पर्सा जिल्लास्थित वीरगञ्ज महानगरपालिका-१४ मा अवस्थित सिद्धार्थ माध्यमिक विद्यालय र लुम्बिनी प्रदेशको रूपन्देही जिल्लास्थित सियारी गाउँपालिका-४ मा अवस्थित पब्लिक सेकेन्डरी स्कूलको पुस्तकालय भवनहरू निर्माण कार्य भइरहेको, साथै, बाग्मति प्रदेशको चितवन जिल्लास्थित राप्ती नगरपालिका-७ मा अवस्थित विरेन्द्र आदर्श माध्यमिक विद्यालयको भवन निर्माणका लागि निर्माणकर्ता छनौट प्रकृया अगाडि बढिसकेको छ ।

बैंकले यी पुस्तकालय भवनहरू निर्माणका लागि भनेर कुल रू. २ करोड १३ लाख २३ हजार बजेट विनियोजन गरेको छ । यी पुस्तकालय भवनहरू निर्माणपछि उक्त विद्यालयहरूमा अध्ययनरत ११ हजारभन्दा बढी विद्यार्थीहरू प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् भने विद्यालयमा अत्यावश्यक पुस्तकालय व्यवस्थापन गराई विद्यार्थीहरूलाई पुस्तक पढ्न र अन्य शैक्षिक सिकाइका सामग्रीहरूमा पहुँच भई उनीहरूको शैक्षिक गुणस्तर बढ्ने एवं व्यक्तित्व विकासमा ठूलो सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

# धनगढी उपमहानगरद्वारा २३ करोड राजस्व संकलन

**अत्तरिया (कैलाली) (प्रस)–** कैलालीको धनगढी उपमहानगरपालिकाले रु २३ करोड ४० लाख ९३ हजार राजस्व संकलन गरेको छ । उपमहानगरपालिकाले चालु आव २०८०/८१ को साउनदेखि चैत मसान्तसम्म सो राजस्व संकलन गरेको हो । सम्पत्ति करबाट रु दुई करोड ९१ लाख ५० हजार, भूमि कर रु ८२ लाख ८५ हजार, बहाल कर रु पाँच करोड ३७ लाख ८८ हजार, बहाल विरौटी कर रु ११ लाख ८७ हजार, सवारीसाधन कर रु चार लाख ३२ हजार र अन्य करबाट रु चार लाख ७८ हजार राजस्व संकलन भएको उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख लेखनाथ ओझाले जानकारी दिए ।

उनका अनुसार सरकारी सम्पत्ति बहालबाट प्राप्त आय रु ६८ लाख पाँच हजार, अन्य सेवा शुल्कबाट रु २४ लाख ७९ हजार, शिक्षा क्षेत्रको आम्दानी रु १३ लाख ४४ हजार, पार्किङ शुल्कबाट रु ५२ लाख ९७ हजार, नक्सा पास दस्तुरबाट रु दुई करोड २७ लाख ७७ हजार, सिफारिस दस्तुरबाट रु एक करोड ३२ लाख २७ हजार राजस्व संकलन भएको छ ।

त्यस्तै व्यक्तिगत घटना दर्ता दस्तुर रु १० लाख सात हजार, नाता प्रमाणित दस्तुर रु तीन लाख ६१ हजार, अन्य दस्तुरबाट सात लाख ५६ हजार, प्रशासनिक दण्ड जरिवानाबाट रु ४४ लाख ११ हजार, व्यवसायबाट रु तीन करोड १७ लाख २६ हजार, अन्य राजस्व रु चार करोड ९९ लाख ५२ हजार, बेरुजुबापत रु पाँच लाख ८६ हजार, सामुदायिक वनबाट प्राप्त आय रु ३२ हजार र विज्ञापन करबाट रु पाँच हजार राजस्व संकलन भएको उहाँले जानकारी दिए ।


करको दायरा बढ्दै जाँदा राजस्व संकलनमा वृद्धि हुँदै गएको शाखा प्रमुख ओझाको भनाइ छ । उनले भने, ‘प्रत्येक वर्ष करको दायरा बढ्दै जान्छ, आगामी आवमा पनि करको दायरा बढ्छ, तर करको दर भने यथावत रहन्छ ।’ गत आव २०७९/८० मा उपमहानगरपालिकाले कूल रु २७ करोड ९२ लाख १५ हजार राजस्व संकलन गरेको जनाइएको छ ।

# नेपालमा ‘इन्ड्राइभ’को आधिकारिक सेवा सुरु

**काठमाडौं (प्रस)–** राइड सेयरिङ एप ‘इन्ड्राइभ’ले आधिकारिक रूपमासेवा सुरु गरेको छ । यहाँ आयोजित शुभारम्भमा इन्ड्राइभ नेपालका निर्देशक रीता पोखरेलले आजबाट औपचारिक रूपमा सेवा सुरु भएको जानकारी दिइन् ।

उनले भनिन्, ‘हामीले केही वर्ष परीक्षणका लागि सेवा सुरु गरेका थियौं, केही कानूनी प्रक्रिया पूरा गरी आजदेखि औपचारिकरूपमा सेवा सुरु गरेका छौं’, उनले भनिन् । उनले केही समयपछि चालक र यात्रुको बीमा पनि गरिने बताइन् । उनले राइडरहरूले सेवा उपयोग गरे वापत कम्पनीलाई १० प्रतिशत सेवा शुल्क बुझाउनुपर्ने समेत जानकारी दिइन् ।

कम्पनीले भुक्तानी सेवा प्रदायक आईएमई पेसँग सहकार्य गर्ने घोषणा गरेको छ । इन्ड्राइभले हाल यो सेवा काठमाडौं, पोखरा, भरतपुर उपलब्ध हुने र आगामी दिनमा अन्य सहरमा पनि सेवा बिस्तार गर्दै जाने कम्पनीको भनाइ छ । कम्पनीले राइड




सेयरिङबाहेक, कुरियर, कार्गो सेवा पनि उपलब्ध गराउने निर्देशक पोखरेलको भनाइ छ ।

इन्ड्राइभ एसिया प्यासिफिक कम्युनिकेसन्स लिड पवित नन्दा आनन्दले इन्ड्राइभको सेवा आधिकारिक रूपमा नेपालमा सुरु गर्न पाउँदा हर्षित रहेको बताए । उनले भने, ‘हाम्रो लागि नेपाली बजार अत्यन्तै महत्वपूर्ण छ र हाम्रा सेवाहरूले रोजगारी प्रदान गर्नेमा हामी विश्वस्त छौं ।’

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ